## १. योजनासार

मोरङ जिल्लाको भोगटेनी स्थित राजारानी धिमाल पोखरी क्षेत्रको पर्यटकीय विकासका लागि सहभागितामूलक जिल्ला पर्यटन विकास तथा व्यवस्थापन गुरु योजना जिविस मोरङले, भोगटेनी गाविस, राजारानी पोखरी विकास समिति र स्थानीय पर्यटन व्यवसायीहरुसँग अन्तर्कृया गरी प्राप्त सुझावहरुका आधारमा तयार पारेको हो । यो योजना राजारानी पोखरी विकास समिति मोरङको स्वामित्वमा रहने गरी तयार पारिएको हो । यस योजनाले यस भेगको सिमसार संरक्षण, पर्यटन विकास र सांस्कृतिक गतिविधिलाई बढवा दिने र आवधिक गाउँ विकास क्रियाकलापलाई सघाउने उद्देश्य लिएको छ । यो योजना २०६८ साल जेष्ठ–आषाढ महिनामा गरिएको मोरङ जिल्लाको पर्यटन विकास समितिको प्राविधिक टोलीले यहाँका पर्यटकीय स्थलहरुको भ्रमण, स्थानीय तहमा गठित समिति, स्थानीय राजनैतिक दलका प्रतिनिधि तथा स्थानीय भद्रभलाद्मी र वासिन्दाले वनाएका योजना तथा जिल्ला विकासलाई स्थानीय विकाससंग समन्वय गर्दै ग्रामीण गरिवी निवारण कार्यलाई प्राथमिकता दिएको छ ।

मोरङ पुर्वाञ्चल विकास क्षेत्रमा पर्ने तराईको जिल्ला हो । तर यस जिल्लाको उत्तरतिरको करिव ३० प्रतिशत भुभाग पहाडी इलाकामा पर्दछ । यसको दक्षिणी भाग भारतको विहार राज्यसंग जोडिएको छ । यसको उत्तरी भागमा मिक्लाजुङ्ग, जेफाले र ध्वजे डाँडा धनकुटा जिल्लाको सिमानासंग जोडिएको छन् । मोरङको सवैभन्दा अग्लो पर्वत मिक्लाजुङ्ग हो, जुन समुद्र सतह देखि २४१० मिटर उचाईमा छ । जेफाले र ध्वेजे क्रमस दोश्रो र तेश्रो उचा पर्वतहरु हुन् । महाभारत पर्वतको पानीको दक्षिणी ढाल मोरङ जिल्लामा र उत्तरीढाल धनकुटामा पर्दछन् । महाभारत पहाडदेखि दक्षिणतर्फ मोरङ जिल्लामा क्रमिक रुपमा चूरे, भावर र तराई प्रदेश पर्दछन् । यसको बीच भागवाट पुर्व पश्चिम राजमार्ग गएको छ । यस जिल्लामा एउटा उपमहानगरपालिका र ६५ वटा गाविसहरु छन् । यीनिहरु मध्ये ८ वटा गाविसहरु पहाडी इलाकामा पर्दछन् । मोरङको १८५५०० हे. क्षेत्रफल मध्ये १०५२७० हे. जमिनमात्र कृषियोग्य छ । यसै गरी ५५५०० हे. जमिनमा वनजंगल रहेकोछ । लोहन्द्रा, चिसाङ्ग, बक्राहा, रतूवा, जूडी र डाँसखोला यहाँको प्रमुख खोलाहरु छन् । वि.स. २०५८ सालको जनगणना अनुसार मोरङ जिल्लाको जनसंख्या ८४३२२० जना रहेको छ ।

मोरङको भोगटेनी गाविसका मानिसहरुले हालसम्म पर्यटनका क्षेत्रवाट प्रत्यक्ष फाईदा लिन पाएको देखिदैन । पर्यटनको विकास सम्वन्धी निश्चित योजनाको अभावमा यो क्षेत्रको पर्यटनले गति लिन नसकेको हो । ग्रामीण पर्यटकीय क्षेत्रहरु मात्र नभएर मोरङको विराटनगरमा समेत पर्यटकहरुको सेवा र सुविधाका वारेमा खासै चासो नराखिएको अवस्था छ । यस्तो विषम स्थितिमा राजारानी पोखरी क्षेत्रको पर्यटन प्रवर्द्धन र विकासलाई टेवा पुऱ्याउन पर्यटन विकास रणनितिक योजना तर्जुमा गरिएको छ ।

मोरङ जिल्ला र भोगटेनी गाविसमा हिमालहरु छैनन् । तसर्थ यहाँको पर्यटनमा पर्वतारोहण र हिमाली पदयात्रा हुँदैन । यहाँको पर्यटन मुख्य रुपमा औद्योगिक पर्यटन, सांस्कृतिक पर्यटन, कृषि पर्यटन, जंगल सफारी र शिक्षा पर्यटन हुन सक्तछ । यसलाई मध्यनजर गरी मोरङको उत्तरमध्यमा अवस्थित भोगटेनी गाविसमा यहाँको राजारानी ताल तथा सिमसार क्षेत्रलाई केन्द्रविन्दु बनाएर यहाँको सांस्कृतिक पर्यटनलाई वढावा दिने गरी रणनितिक योजना निर्माण गरिएको छ । यसका लागि यस गाविसको पोखरी क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्ने तथा यसलाई नै केन्द्र विन्दु बनाएर यहाँको सांस्कृतिक पर्यटनको विकास गर्ने योजना निर्माण गरिएको छ । पूर्वपश्चिम राजमार्गदेखि करि १३ किलोमिटर मात्र उत्तरतिर रहेको यो पोखरी र सिमसार क्षेत्रलाई

एउटा सुन्दर पार्कका रुपमा विकास गर्ने र अन्य सांस्कृतिक गतिविधिलााई संरक्षण, सम्बर्द्धन् र विकास गर्ने योजना तर्जुमा गरिएको छ ।

मोरङको भोगटेनी गाविसमा अवस्थित राजारानी धिमाल पोखरी क्षेत्र वरपर यहाँका स्थानीय मानिसहरुका शीप उजागर गर्ने प्रकारका लघु उद्योगहरु स्थापना गर्ने र यस स्थानमा औद्योगिक पर्यटनलाई पनि वढावा दिन सकिने देखिन्छ । यसै गरी कृषि पर्यटनका लागि समेत यो स्थान महत्वपूर्ण रहने कुरा यस योजनामा समाविष्ट छ । स्थानीय समितिले परिकल्पना गरेको योजनासँग एकिकृत र समन्वयात्म विकाससम्बन्धी अवधारणालाई समेत महत्व दिंदै यो रणनीतिक योजना तर्जुमा गरिएको छ ।

मोरङका विभिन्न पर्यटकीय क्षेत्रहरुमध्ये भोगटेनीको राजारानी धिमाल पोखरी तथा सिमसारक्षेत्रलाई मोरङ जिल्ला विकास समितिले निर्माण गरेको गुरु योजनामा पनि विकासका लागि प्रथम प्राथमिकताको सूचिमा राखेको छ । तर यस स्थानको समुचित मात्रामा सर्वप्रथम खोज तथा अनुसन्धान गर्नुपर्ने आवश्यकता छ । यस स्थान वरपर रहेका अन्य सांस्कृतिक विषयवस्तुलाई पहिचान गरी यसको समग्र रुपमा विकास गर्न सकिएको खण्डमा यस भेगको विकासमा थप टेवा पुग्ने देखिन्छ । यहाँ पर्यटन विकासका लागि वाटोघाटो, पुलपुलेसा, सन्चार, स्वास्थ्य र प्रचार प्रसारका कार्य गर्दैजाने नीति लिईएको छ । स्थानीय मानिसहरुको उत्साह र प्रयासमा कूनै पनि स्थानको पर्यटन प्रवर्द्धन निर्भर रहने मान्यतामा स्थानीय समितिहरुलाई नै सवल वनाउने नीति लिईएको छ । यहाँको पर्यटन विकास रणनीतिक योजना राष्ट्रिय पर्यटन नीतिका निर्देशनभित्र रहेर तयार पारिएको छ ।

राजारानी धिमाल पोखरी तथा सिमसारक्षेत्रको पर्यटनको विकासका लागि सामाजिक परिचालन, पर्यटन पुर्वाधार विकास, उद्यममुखी तालिम र गाविस स्तरमा दिगो संस्थागत संरचनाको निर्माणलाई महत्व दिइएको छ । यसका साथै दिगो पर्यटन विकासकोष र दिगो पर्यटन गाउँ कोष स्थापना गर्नु पर्ने, गाविस स्तरमा योजना तर्जुमा र कार्यान्वयन गर्न गाविस अन्तर्गत दिगो पर्यटन विकास शाखा स्थापना गरिनु पर्ने मान्यता छ । यहाँको पर्यटन विकासका लागि अन्य स्थानको अनुभवलाई पनि समेट्नु पर्ने देखिन्छ ।

भोगटेनी भेगको पर्यटनको विकासका लागि प्रमुख सवाल हालसम्म पर्यटकीय गतिविधि संचालन हुन नसक्नु हो । यस भेगमा पर्यटकीय स्थल भएनभएको तथा आन्तरिक र वाह्य पर्यटकहरुलाई जिल्लामा भित्र्याउन सकिने या नसकिने भन्ने सवाल हालसम्मको चुनौतीका रुपमा रहेको थियो । तर हाल आएर यस गाविसमा विभिन्न प्रकारका पर्यटकीय विषयवस्तुहरु परिचित भएका र तिनीहरुको सरलिकरण गर्ने कार्य नै वर्तमानको चुनौती हो । यस क्षेत्रका वासिन्दालाई पर्यटनवाट हुने फाईदाका साथै पर्यटन प्रवर्द्धन सम्वन्धी तालिम दिने, सचेत गराउने र अवलोकन भ्रमण गराउने कार्यवाट यहाँको पर्यटन प्रवर्द्धनतिर उन्मुख गराउन सकिन्छ । त्यसपछि यस क्षेत्रमा विकास निर्माणका कार्यहरु गरी स्थानीय विकास र पर्यटन प्रवर्द्धनलाई संगसंगै अघि वढाउने या ग्रामीण गरिवी निवारणको लक्ष सम्म पुग्न सक्नु पर्दछ ।

## २. योजनाको औचित्य

मोरङ जिल्लामा पर्यटनको बिकास अन्य क्षेत्रको दाँजोमा शुन्य प्राय छ भने भोगटेनी भेगमा यसको विकास भएको छैन भन्दा अतिशयोक्ति नहोला । यस जिल्लाको औधोगिक नगरी बिराटनगरमा कार्यालयको काम, अध्ययन भ्रमण र छिटफुट मनोरंजनात्मक पर्यटनका कार्यहरु भएका भए पनि पर्यटनसम्बन्धी पूर्वाधारसम्म पनि तयार भएका छैनन् । मोरङलाई नै बिकासको गोरेटोमा अगाडि बढाउने सम्भाब्यता बोकेका यस भेगबाट झापा र इलामका विभिन्न पर्यटकी

क्षेत्रहरु र मोरङकै जेफाले र मिक्लाजुङ लगायत प्रसिद्ध स्थानहरु भ्रमणका लागि भोगटेनी क्षेत्र ढोकाको रुपमा रहेको छ ।

पर्यटन बिकासका लागि भोगटेनी भेगमा खासै प्रयास भएको पाईदैन । यस अघि पोखरी र सिमसार संरक्षण र यसको विकासका केही प्रयास भएका भए पनि यसले दिगो रुपमा संरक्षणका मात्र काम पनि गरिसकेको देखिंदन । अहिले आएर जिल्ला बिकास समितिको कार्यालय मोरंगले भोगटेनी गाविस र स्थानीय संरक्षण समिति तथा स्थानीय जनतासँग अन्तर्कृया गरी तयार पारेको ग्रामिण गरिवी निबारणका लागि सहभागिता मुलक ग्रामिण पर्यटन बिकास सम्बन्धी योजना एउटा मुख्य प्रयास हो । ग्रामिण गरिवी निवारणका लागि पर्यटन कार्यक्रमले गरिवी निवारण गर्ने नेपाल सरकारको उद्देश्यलाई सहयोग पुऱ्याउन दिगो पर्यटन बिकासका मुलभुत सिद्धान्तहरु गरिबमुखी, वातावरणमुखी, महिलामुखि एवं स्थानीय ग्रामिण समुदायमुखी नीतिहरुको सिहंवलोकनका साथै नयाँनीति तथा रणनीतिक योजनाहरुको निर्माण गर्न योगदान पुऱ्याउने लक्ष लिएको छ ।

पर्यटन तथा पर्यटन पूर्वाधार योजना तर्जुमा गर्दा ग्रामिण गरिवी निवारणका लागि पर्यटन कार्यक्रमले स्थानीय स्तरका सरोकारवालाहरुको सहभागिता अभिबृद्धि गर्ने उद्देश्य राखेको छ । भोगटेनीको सहभागितामुलक ग्रामिण पर्यटन बिकास एवं व्यवस्थापन योजना यसै उद्देश्यका लागि तयार गरिएको छ । बिकेन्द्रिकरणको नीति अनुसार प्रत्येक जिल्लाले आ-आफ्नो जिल्लाको उक्त गतिशील आवधिक  जिल्ला विकास योजना तयार गर्नु पर्ने हुन्छ । त्यही अनुरुप मोरङ जिविस र गाउंहरुले पनि आफ्नो आवधिक जिल्ला पर्यटन बिकास योजना तयार पार्ने जमर्को कसेको छ । जस अन्तरगत आफ्ना जिल्लागत उद्देश्य, तुरुन्तै अबलम्वन गर्नु पर्ने मुख्य रणनीति, क्षेत्रगत प्राथमिकता एवं कार्यक्रम क्षेत्रको रेखाकंन गरेको छ । पर्यटनलाई जिल्लाको विकासको एक माध्यमका रुपमा लिई यसको प्रर्बद्धन एवं विकासका लागि अपनाउनु पर्ने बृहत् रणनीति तथा कार्यक्रमहरुको पहिचान पनि भएको छ । यसैको सेरोफेरोमा रहेर राजारानी धिमाल पोखरी तथा सिमसार क्षेत्रको संरक्षण तथा पर्यटनसम्बन्धी योजना तर्जुमा गरिएको छ ।

## ३. रणनीतिक योजनाका उद्देश्यहरु

सहभागितामुलक ग्रामिण पर्यटन व्यवस्थापन रणनीतिक योजना तर्जुमा गर्नुका उद्देश्य समग्रमा स्थानीय स्तरबाट भैरहेको विकासका विभिन्न आयमहरुलाई व्यवस्थित गर्दै दिर्घकालीन असर वा प्रभावलाई कम गरी सन्तुलित व्यवस्था गर्नु रहेको छ । बुदांगत रुपमा निम्न उद्देश्यहरु रहेका छन् :

- ग्रामिण पर्यटनको लागि व्यवस्थित कार्य योजना निर्माण गरी कार्यान्वयन सहज गराउने ।
- अव्यवस्थित रुपमा भैरहेको संचरना निर्माणलाई सुसंगठित बनाई जैविक विविधताको संरक्षण र विकासको संभावना तयार गर्ने ।
- स्थानीय सरोकारवाला लगायत सार्वजानिक निजी साझेदारीको लगानी वातावरण तयार गर्ने ।
- आर्थिक, वातावरणीय, सामाजिक, सांस्कृतिक एवं व्यवस्थापकिय पक्षहरुको व्यवस्थापनमा सहयोग गर्ने ।

## ४. योजना तर्जुमा विधि

राजारानी धिमाल पोखरी तथा सिमसारक्षेत्रको ग्रामिण पर्यटन बिकास रणनीतिक योजना तर्जुमा गर्दा निम्न बिधिहरु अपनाईएका छन् :

- राजारानी पोखरी तथा सिमसार क्षेत्र र भोगटेनी गाविसको वस्तुस्थितिको अध्ययन
- स्थानीय ताल सिमसार संरक्षण समिति, सामुदायिक वन उपभोक्ता समिति, राजनैतिक दलका नेताहरु र  सम्वन्धित प्रमुख सरोकारवालाहरुसँग छलफल ।

- विशेसज्ञहरुद्वारा पर्यटकिय क्षेत्रको स्थलगत भ्रमण र राय सुझाव संकलन ।
- स्थानीय स्तरका सरोकारवालाहरु सम्मिलित कार्यशाला गोष्ठीमा सबल, कमजोर, अवसर र जोखिमका पक्षहरु बिश्लेषण गर्ने बिधि अपनाई त्यसैका आधारमा यो योजना तर्जुमा गरिएको हो ।
- प्रस्ताबित योजनाका रणनीतिक मुद्धाहरुको निचोड ।

## ५. गाविस तथा राजारानी क्षेत्रको संक्षिप्त चिनारी

मोरङ जिल्लाको भोगटेनी गाविस यस जिल्लाको उत्तर मध्य भागमा पर्दछ । प्रारम्भमा स्थानीय आदिवासी जनजातिको मात्र बसोवास रहको हुन सक्ने यस स्थानमा कालान्तरमा विभिन्न स्थानबाट मानिसहरु बसाइँ सरेर आउने क्रममा यस स्थानमा विभिन्न समुदायका मानिसहरु बसोवास गर्न पुगे । केही वडाहरु तराईमा र ज्यादा भने पहाडी भागमा पर्ने यो गाविसले मोरङको पहाडी र तराईको दुवै प्रकारको वस्तुस्थिति बोकेको छ । यस गाविसको जनसंख्यामा पनि अन्य तराईका गाविसको जति बृद्धि रहेको देखिंदैन । प्रारम्भमा यस स्थानमा धिमालहरुको बसोवास रहेको विश्वास गरिन्छ । तर कालान्तरमा तराईतिर औलो आदि प्रकोपको कमी भए पछि उनीहरु तराईका सम्म फाँटतिर सरे र यस स्थानलाई भुल्दै गए । राजारानी धिमाल पोखरी क्षेत्रमा अन्यत्रबाट बसाइँ सरेर मगरहरु बसेकाले आजसम्म पनि राजारानी धिमाल पोखरी भेगमा मगरहरुकै बाहुल्यता रहेको छ । कालान्तरमा पुन तराईमा बसोवास गर्ने धिमालहरुले आफ्नो पुरानो थलो पत्ता लगाए र त्यस स्थानको पोखरीलाई राजारानी धिमाल पोखरी नामाकरण गरे । तर यस गाविसमा भने धिमालहरुको एउटा पनि घर परिवार बसोवास गरेको छैन । यहाँ सवैभन्दा ज्यादा लिम्बू र त्यसपछि मगरहरुको बसोवास रहेको देखिन्छ ।

मोरङ जिल्ला ऐतिहासिकताका दृष्टिले निकै सम्पन्न छ । प्राचीनकालमा मोरङ एउटा विशाल राज्य नै थियो । यसको सिमाना उत्तरमा महाभारत पर्वत, दक्षिणमा गँगा, पूर्वमा टिष्टा र पश्चिममा जलेश्वर सम्म फैलिएको थियो । वर्तमानको मोरङ जिल्लाको अत्यधिक भूभाग तत्काल जंगलले ढाकिएको भए पनि यसको पहाडी तल्लो फाँट र अन्य केही भागमा आवादी थियो । खोला र नदीका किनारहरुमा पनि मानिसहरुको वसोवास थियो । संभवत त्यसै समयदेखि नै भोगटेनी भेगमा स्थानीय आदिवासी जनजातिका मानिसहरुको बसोवास रहेको हुनसक्ने देखिन्छ ।

भोगटेनी गाविसको आकृति झण्डै ठाडो लाम्चो आकारको छ । यसको उत्तरमा पाटी र सिंहदेवी गाविस, पश्चिममा केरावारी र याङ्शिला, दक्षिणमा लेटाङ्ग तथा पूर्वमा वारांगी गाविस रहेका छन् । यस गाविसको क्षेत्रफल ७२.१२ वकिमी रहेको छ । यस गाविसको ठूलो भूभागमा जंगल र बुट्याहरुले ढाकेको छ र मानव बसोवास रहेको छैन । मोरङको ठूलो भुभागमा वसाइसराईको क्रम अति नै तिव्र रहेको र जनसख्या पनि अत्यधिकमात्रामा बढेको भए पनि यस गाविसमा भने यस्तो क्रम अति न्यून छ । विसं २०५८ सालको जनगणनाअनुसार यस गाविसको जनसंख्या ५५३५ जना थियो भने हाल विसं. २०६७ सालमा आईपुग्दा यो संख्या ६०७९ मात्र पुगेको तथ्याङ्क छ (गाविस पार्श्वचित्र, २०६८) । यसबाट यस गाविसको औसत जनसंख्या बृद्धिदर १.१७ मात्र रहेको देखिन्छ । यो दर मोरङको जनसंख्या बृद्धिदर भन्दा निकै कम हो ।

राजारानी धिमाल पोखरी तथा सिमसार क्षेत्रको वरिपरि मुख्यगरी मगरहरुको बसोवास छ । तर भोगटेनी गाविसमा अन्य स्थानमा भने अन्य जातजातिका मानिसहरुसमेत बसोवास गर्दछन् । यस गाविसमा सवैभन्दा धेरै लिम्बूहरुको बसोवास रहेको पाइन्छ । यहाँ ३४.१५ प्रतिशत जनसंख्या लिम्बूहरुको छ । त्यसबाहेक जम्मा ३३ प्रतिशत जनसंख्या भने मगरहरुको छ ।

भोगटेनीमा राई, नेवार, दमाई, कामी, सार्की र क्षेत्री ब्राह्मण आदि विभिन्न १३ जातजातिका मानिसहरुको बसोवास रहेको देखिन्छ । यो क्षेत्र स्थानीय सामुदायिक वनभित्र पर्ने हुनाले उक्त वनको सदुपयोग गर्ने मानिसहरुको संख्या पनि निकै रहेको छ ।

राजारानी धिमाल पोखरी तथा सिमसार क्षेत्र भोगटेनी गाविसको वडा नं. ८ मा अवस्थित छ । यो पोखरी स्थान भोगटेनीको तराईको फाँटभन्दा करिब चार किलोमिटर उत्तरमा एउटा धोवी डाँडामा पर्दछ । समुद्र सतहबाट करीब ४६७ मिटरको उचाईमा अवस्थित यो स्थान २६° ४४' ५३" मिनेट उत्तरी अक्षांश र ८७° २८' ५४" मिनेट पूर्व देशान्तरमा पर्दछ । उक्त पोखरी स्थानीय सामुदायिक वन क्षेत्रभित्र पर्दछ । प्राकृतिक रुपमा रहेको राजापोखरी, रानीपोखरी र राजकुमारी पोखरी एउटै पोखरीका अलग अलग हिस्साहरु हुन् । यस पोखरी छेउमा बाँध निर्माण गरी संरक्षण गरिएको छ । करीब ८१६ रोपनी क्षेत्रफलमा फैलिएको यो पोखरी तथा सिमसार उत्तर दक्षिण लामो आकारमा फैलिएको छ । यसको पानीको मुहान भने त्यसै भित्रबाट उम्रने जरुवा पानी हो । जंगलबाट विभिन्न स्थानमा उम्रिने र बगेर आउने पानीका कारणले समेत यो सिमसार क्षेत्र सँधै पानीले भरिभराउ हुने गर्दछ ।

कृषिका दृष्टिले समेत भोगटेनी गाविस निकै प्रशिद्ध छ । यस भेगमा पर्यटकलाई लोभ्याउने प्रकार कृषि कार्य गर्न सकिने सम्भावना प्रसस्तै छ । आकर्शक कृषि फर्महरु निर्माण, सागसब्जी र नगदे बालीहरु लगाउने, आधुनिक प्रकारले पशुहरु पाल्ने आदि कार्य गरिएको खण्डमा यस भेगमा अन्यत्रका मानिसहरु समेत त्यसबाट प्रभावित हुने संभावना छ । संभवत: स्थानीय स्तरमा तथा नीजि प्रयासमा अनेक प्रकारका पर्यटनलाई प्रवर्द्धन गर्न चाहने मानिसहरुको कमी यस भेगमा रहेको छैन । तसर्थ कालान्तरमा यहाँको पर्यटन प्रबर्द्धनमा तिब्रता आउने कुरा निर्विवाद छ ।

## ६. पर्यटन क्षेत्रको विगत र वर्तमान

नेपाल पर्यटन उद्योगको प्रचुर सम्भावना भएको देश हो । तराई पहाड र हिमाली भूभाग रहेको यस देशको भौगोलिक अवस्था र यसवाट सृजित रमणिय प्राकृतिक बनोट, बातावरण र यहाँको बहुल सस्कृतिले यस देशलाई पर्यटकको गन्तव्यको रुपमा बिकास गर्न सकिने संभावना बोकेको छ । हाम्रोजस्तो विकासोन्मुख मुलुकका लागि लगानि खेर नजाने र कम लगानिमा पनि विकासका प्रतिफल पाउन सकिने प्रमुख व्यवसायनै पर्यटन व्यवसाय हो ।

नेपाल सरकारले राणा कालको अन्त्यका साथसाथै योजनाबद्ध विकासका प्रयासहरु सुरु गरेको हो । यसै कममा प्रथम पञ्चवर्षिय योजनाकाल देखिनै पर्यटनलाई योजनाबद्ध ढंगमा विकासका प्रयासहरु भएका हुन् । लामो समयसम्मको पर्यटनसम्बन्धी सरकारी योजनाबाट देसका केही स्थानमा पर्यटन विकासका पूर्वाधारहरु तयार भए र ती स्थानमा वस्ने मानिसहरुले यसबाट हुने फाइदा पनि लिन पुगे । तर देसका सवैभागमा पर्यटन विकासको संभावना रहेको र यसबाट हुने फाइदा सवै भागमा बस्ने मानिसहरुले समान रुपमा लिन सक्ने कुरालाई लामो समयसम्म ध्यान दिइएन । कालान्तरमा सरकारले यसै कुरालाई मध्यनजर गरी तराई पर्यटन र ग्रामिण पर्यटनको अवधारणालाई प्राथमिकता दिन पुग्यो, जसले गर्दा देसका सवै भागका पर्यटकीय संभावना बोकेका स्थालहरुको पहिचान तथा तिनीहरुको विकासका लागि प्रयासहरु सुरु गरिएका हुन् ।

पुर्वाञ्चलको र देशकै एउटा महत्वपुर्ण जिल्लाको रुपमा रहेको मोरङ धेरै प्रकारका पेशावाला बर्ग र समुदायका लागि बिभिन्न कारणले आकर्षणको केन्द्रका रुपमा बिकास हुन थालेको छ । आवासिय, व्यापारिक र औधोगिकरणको दिशामा तिब्र गतिमा अगाडि बढिरहेको यस

जिल्लाका विभिन्न भागहरुमा गाँउवाट शहर भित्रिने तथा अर्को जिल्लाबाट बसाइँ यता आउने मानिसहरुको संख्या दिन प्रतिदिन बढ्दै गएको पाईन्छ । मोरङ भेगमा देसका विभिन्न स्थानबाट मानिसहरु घुमफिर गर्न आउने भए पनि पर्यटकको रुपमा समुद्रपारवाट यस क्षेत्रमा आगमन गर्ने पर्यटकहरुको संख्या नगन्य भएको पाईन्छ । व्यापारिक र अन्य प्रयोजनबाट भने भारत, बंगलादेश र भुटान आदि मुलुकका पर्यटकहरु यस जिल्लामा प्रशस्तै आउने गरेका छन् । यस जिल्लाका केही भागबाट भारत, बंगलादेश र भुटानका प्रमुख सहरहरुमा व्यापारिक कारोवार हुने तथा धेरै भारतिय मुलका मानिसहरुको वसोवास यस जिल्लामा रहेका कारणले आफ्ना नाता सम्वन्धीसँग भेटधाट गर्नका साथै घुम्ने र भ्रमण गर्ने क्रमले त्यस क्षेत्रका पर्यटकहरुको आगमन मोरङ भेगमा बढदै गएको पाईन्छ । यसका साथै देसका विभिन्न भागहरु जस्तो काठामाडौ, पोखरा, चितवन र नेपालगञ्ज जस्ता रमणिय स्थानहरुको भ्रमण गर्ने हवाई र स्थल मार्गको सुविधा मोरङमा रहेकाले भारतीय, भुटानी र बंगालादेशी नागरिकहरु यसै बाटोबाट त्यता जाने तथा केही समय यस जिल्लामा पनि घुमफिर गर्ने गर्दछन् । तर त्यस्ता पर्यटकहरुको हालसम्म यस जिल्लामा लेखाजोखा गर्न सकिएको छैन ।

पर्यटकिय दृष्टिकोणले हेर्ने हो भने मोरङ यस जिल्लामा पर्यटनको प्रसस्त संभावना रहेको छ । बिराटनगर भएर कंचनजङ्गा क्षेत्र पर्यटन, सुनसरीको बराह क्षेत्र र संखुवासभाको अरुण उपत्यका सम्म जान सकिन्छ । यी क्षेत्रहरु राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा ख्याति प्राप्त स्थानहरुको प्रवेश बिन्दुको रुपमा रहेका छन् । त्यसै गरी जिल्लाको आन्तरिक भौगोलिक बनावटलाई हेर्ने हो भने यस जिल्लामा समथर भुमिदेखि महाभारत पहाड सृङ्खलाका अग्ला-अग्ला डांडाहरु समेत रहेका छन् । यस क्षेत्रमा पदयात्रा गर्दै ताल तलैयाहरुको अवलोकन, मनोरम सूर्यदयको दृष्य अवलोकन कंचनजङ्गा, महालु र अन्य हिमालको दृष्य अवलोकन र पदयात्रा गर्दै तराईका सम्म फाँट बस्ति सहर र हरियो जंगल अवलोकन गर्न सकिन्छ । अर्को तर्फ देशको सबैभन्दा ठुलो औधोगिक शहरको रुपमा चिनिने एवं जिल्लाको सदरमुकाम बिराटनगर, पुरानो औधोगिक क्षेत्र रानी मिल्स एरिया, बिराटराजाको दरवार क्षेत्र भनि बिश्वास गरिएको रानी भेडियारी क्षेत्र, कसेनीको घनपाल गढी र मोरङको पुरानो सदरमुकाम रंगेली बजार ऐतिहांसिक महत्वका स्थानहरु पर्यटकका लागि समेत आर्कषणका केन्द्र हुन सक्छन् भने भोगटेनीको राजारानी पोखरी, टोडीको चुली पोखरी, गोबिन्दपुरको सुनबर्षी पोखरी र अन्य सिमसार क्षेत्रहरु बिषेश अर्कषणका केन्द्रको रुपमा रहेका छन् ।

मोरङ जिल्लाका केही भागहरुमा पर्यटन विकासका लागि केही अगाडिदेखिनै सामान्य प्रयासहरु सुरु भएका भए पनि यस जिल्लाको पर्यटन विकास सम्बन्धी कार्य त्यति पुरानो छैन । यहाँ नीजि तहमा पर्यटन विकासका क्षेत्रमा स्थानीय होटल व्यवसायी, ट्राभल ऐजेन्सिहरु र विभिन्न निकायले अआफ्नो तर्फबाट केही कार्यहरु गर्ने गरेका भए पनि पर्यटन विकासका लागि अलग्गै नीतिनियम र योजनाहरु भने बनेका थिएनन् । यहाँका केही सिमसारक्षेत्रमा संरक्षण र अध्ययनका प्रयासहरु भए पनि तिनीहरुको पर्यटन विकासका दृष्टिले विकास गरिएको थिएन । पछि विसं २०६६ सालतिर जिविस मोरङले जिल्ला पर्यटन गुरु योजना निर्माण गरेपछि मात्र यहाँको पर्यटन विकासका गतिविधिहरु सुरु भएका हुन् ।

भोगटेनी भेगको पर्यटनको विषयमा यहाँका पर्यटकीय संभावना बोकेका वस्तुहरुका बारेमा चर्चा गर्नुपर्ने हुन्छ । यसमा भोगटेनी ८ मा रहेको राजारानी धिमाल पोखरी क्षेत्रनै पर्यटकीय संभावना बोकेको सवैभन्दा महत्वपूर्ण विषयवस्तु हो । यो पोखरी यस वडाको एउटा ढिस्कामाथि उपत्यकाजस्तो रमणीय स्थलमा रहेको छ, जहाँबाट निरन्तर रुपमा पानी जमिनबाट उम्रिएर तलाउमा जम्मा हुने र तलाउबाट बाहिर बगिरहने गर्दछ । त्यहाँको पानी, तलाउ, वरिपरिको जंगल, पोखरीमा रहेका एक प्रकारका विरुवामा उम्रिने गरेको सुनाखरी तथा जंगलको रमणीय वातावरण निकै मनमोहक रहेको छ । विभिन्न प्रकारका जंगली जिवजन्तु, पानीमा पाइने

जीवहरु, चराचुरुङ्गि, पुतलीहरु, वनस्पति र जडिबूटी पनि यहाँका प्रमुख सम्पदाहरु हुन् । यिनहरुको समुचित विकास, प्रवर्द्धन, प्रचारप्रसार र बजारीकरण गरिएको खण्डमा यिनीहरुले यस भेगमा आन्तरिक र वाह्य पर्यटकलाई आकर्शण दिनसक्ने देखिन्छ ।

राजारानी धिमाल पोखरी तथा सिमसारक्षेत्रलाई अन्यत्रका सिमसार र पर्यटकीय क्षेत्रसँग जोडेर समन्वयात्मक ढंगमा योजना तर्जुमा र कार्यान्वयन गर्ने शोच स्थानीय समिति र मानिसहरुमा रहेको पाइन्छ । यसले सार्थकता पाएको खण्डमा यस स्थानका पर्यटन विकासमा टेवा पुग्ने देखिन्छ । तर यसका लागि यहाँको समितिको एकल प्रयास मात्र पूर्ण नहुन सक्तछ । तसर्थ स्थानीय गाविस, जिविस, विराटक्षेत्र पर्यटन विकास समिति, पर्यटन बोर्ड, पर्यटन मन्त्रालय, अन्य सम्बन्धित मन्त्रालयहरु र सरकारसँग समेत समन्वय गरी यस भेगको विकासका प्रयास गरिएमा यस पोखरी तथा सिमसारको मात्र नभएर सम्पूर्ण मोरङ तथा पूर्वाञ्चलकै पर्यटन विकासमा टेवा पुग्ने देखिन्छ ।

## ६.१ सिमसारको अवधारणा

सिमसार क्षेत्रलाई सामान्यतया धापिलो अर्थात् सिम तथा ओसिलो जमीन भन्ने बुझाउँछ । विस्तृत रुपमा यसलाई परिभाषित गर्दा पानी भएको जमीन, तालतलैया, झील, पोखरी, कुवा, धाप, दलदले जमीन लगायत खोला खोल्सी तथा नदिनालाहरु वरिपरिको जमीनलाई समेत समेट्छ । सारांसमा भन्दा जल र स्थलको मिलन क्षेत्र नै सिमसार हो जहां जलचर, थलचर, उभयचर, नभचर सबै प्राणीहरु, चरा र वनस्पतिहरुले आश्रय लिइरहेका हुन्छन् ।

नेपाल राष्ट्रिय सिमसार नीति २०५९ ले भूमिगत जलश्रोत वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमीन, नदिबाट प्रभावित जमीन, ताल, पोखरी, जलभण्डार क्षेत्र र कृषि जमीनलाई सिमसार क्षेत्रको रुपमा परिभाषित गरेको छ ।

विश्वव्यापी रुपमा सिमसारको संरक्षण र दिगो व्यवस्थापन गर्नको लागि सन् १९७१ मा इरानको रामसारमा भएको विश्व सम्मेलनले रामसार महासन्धि अनुमोदन गरको छ  उक्त सन्धिको दफा ११ ले सिमसारको परिभाषालाई *"प्राकृतिक तथा कृतिम रुपले सिर्जित अस्थायी तथा स्थायी रुपमा रहेको ६ मिटरसम्म गहिरो पानीलले ढाकेको बग्ने वा झरनाको रुपमा खसेर बनेको दह, दलहरु, ढाप, जरुवा पानी भएको क्षेत्र, स्वच्छ वा नुनिलो तथा क्षारयुक्त पानी भएको भूभागलाई सिमसार भनिन्छ"* ।

नेपाल क्षेत्रफको हिसावले निकै रहेता पनि जैविक विविधताको दृष्टिले अत्यन्तै धनी छ । यहां विश्वको ३.०२ प्रतिशत जैविक विविधता अझै पनि संरक्षित छ । नेपालको जैविक विविधतामा सिमसार क्षेत्रको ठुलो योगदान रहेको छ । यसै सन्दर्भमा राजारानी भोगटेनी क्षेत्रमा विरलै पाइने प्राकृतिक भू-वनावट, जंगल एवम् सिमसार क्षेत्रको संगम भएको यस क्षेत्रलाई संरक्षण, विकास निर्माण र प्रचार-प्रसार गर्न सक्दा लिन सकिने उपलब्धि उच्च प्रकारको रहेको छ । तसर्थ यस क्षेत्रबाट वनस्पती र जीवको अवलोकन र अध्ययन गर्न सकिने वातावरण बनाउँदा ज्ञान, शिक्षा र मनोरञ्जन तिनकुरा नै प्राप्त हुन सक्ने देखिन्छ । यसलाई पर्यटकीय स्वरुप दिनको लागि सिमसार क्षेत्रको संरक्षण, जलकिृडा स्थलको निर्माण जैविक विविधता सम्बन्धि अध्ययन केन्द्र (संग्रहालय) वोटानिकल पार्क, जडिबुटी संरक्षण क्षेत्र, आकासेबाटो साथै आत्मनिर्भरताका बाल उद्यान समेत विकास गर्न सकिनेछ ।

राजारानी धिमाल पोखरी जैविक विविधता संरक्षण सम्बन्धी र प्रदर्शनको अनुकूल वातावरण भएको शैक्षिक पर्यटन क्षेत्र साथै पर्या-पर्यटन क्षेत्र बन्ने सम्भावना बोकेको क्षेत्र रहेको छ । यस उष्ण प्रादेशिक हावापानी भएको चारैतिर घना जंगल र फराकिलो सिमसार क्षेत्रमा पर्ने

भएको हुँदा विविधतायुक्त मनोरञ्जन तथा शैक्षिक पर्यटन क्षेत्रको रुपमा स्थापित हुन सक्ने सम्भाव्यता अध्ययनबाट जानकारीमा आएको छ । अवलोकन र सोधखोज तथा अनुसन्धानको शैक्षिक उद्देश्यले समेत पर्यटकहरु यस भेगमा आउन सक्ने संभावना छ । तसर्थ यस पर्यटकीय क्षेत्रमा विकृति विसंगति कम पार्दै सौम्य अनि मौलिक विशेषताको पवित्र स्थलको रुपमा विकास गर्न सकिने देखिन्छ ।

विश्व न्यानोकरणको अवस्थामा जीव प्राणीको सृष्टि स्थल सिमसार क्षेत्र र यसमा आश्रित जीव वनस्पती लोप भइसकेका र लोप हुन लागेको सन्दर्भमा यसको संरक्षण र सम्बर्द्धनमा हामी सबैको चासो हुन पनि त्यत्तिकै आवश्यक देखिन्छ । यसले गर्दा पर्यटन विकासको साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा शैक्षिक अन्वेषण गर्ने थलो बन्न सक्ने प्रचुर सम्भावना यस क्षेत्रले बोकेको देखिन्छ ।

देशमा मानव निर्मित पर्यटकीय गन्तव्य स्थलहरुको संख्या बृद्धि भइरहेको अवस्थामा अधिकांश पर्यटकीय स्थलहरु अज्ञानताबश आलसी, व्यसनी र विलासीहरुद्वारा दुरुपयोग हुने गरेको हामी देख्तछौं । यसले त्यस क्षेत्रको प्रतिष्ठामा प्रतिकुल असर पुऱ्याएको हुन्छ भने आर्थिक उन्नति भएर पनि गौरव आर्जन गर्न सकेको भने पाईदैन । यस तथ्यलाई मध्यनजर गरी यस गन्तव्यस्थललाई मौलिक र नमूना पर्यटन क्षेत्र बनाउन सकिएमा प्रकृतिप्रति चेतना अभिबृद्धि गर्न समेत मद्दत पुग्दछ र यस स्थानको ख्यातिमा पनि त्यत्तिकै बृद्धि हुने गर्दछ । ।

## ६.२ सामाजिक, सांस्कृतिक अवस्था

भोगटेनी भेगको समाजिक सांस्कृतिक अवस्था विचार गर्दा प्रारम्भमा यस भेगमा धिमालहरुको ठूलो बस्ति रहेको बुझिन्छ । यस वरपर अन्य जातजातिको पनि बसोवास रहेको हुन सक्तछ । कालान्तरमा उनीहरु विविध कारणले गर्दा तराईका समथर जमिनतिर बसाईं सरेर गए र यस स्थानलाई भुल्दै गए । त्यस पछि आजभन्दा सयवर्ष अगाडितिर यस भेगमा मगरहरु आएर बसोवास गर्न लागे । उनीहरुले त्यहाँको पोखरी क्षेत्रलाई दैविय स्वरुपको माने र पोखरीका बीचको ढीस्कामा शिव तथा बुढासुब्बाको वासस्थान रहेको मान्यता राखी एउटा मन्दिर निर्माण गराए । त्यसपछि त्यसै स्थानमा उनीहरु श्रद्धा र आस्थाका साथमा पूजाआजा गर्न लागेको पाइन्छ ।

भोगटेनीको राजारानी धिमाल पोखरी क्षेत्रमा पछि गएर धिमाल युवाहरुले आफ्नो पुरानो परम्परा जोडिएको कुरा पत्ता लगाए । त्यसपछि भने उक्त राजारानी पोखरी धिमाल पोखरीका नामले समेत चिनन लाग्यो । हाल आएर मोरङका विभिन्न स्थानहरुका धिमालहरु त्यस स्थानमा प्रत्येक साल वैशाख २ गते पुगेर आफूले बनाएको थानमा पूजा आजा गर्ने गर्दछन् । उनीहरुका लागि उक्त स्थान आफ्नो पूर्खाहरुको थलो भएको थाहा भएको छ

मोरङ जिल्लाको भोगटेनी गाविस साँस्कृतिक दृष्टिले निकै महत्वपूर्ण छ । यस भेगमा अनेकन जाति र जनजातिका मानिसहरु वसोवास गरेका छन्, जसका आफ्नै प्रकारका जातिय भेषभूषा, रहन सहन, जात्रा, वर्प उत्सव र परम्पराहरु छन् । लिम्बू, राई र मगर जस्ता जनजातिका परम्पराहरुले यो गाविस निकै सम्पन्न छ । यसले यस भेगको संरक्षण, प्रवर्द्धन र प्रचार प्रसारमा समेत टेवा पुऱ्याउने र आन्तरिक पर्यटनको प्रवर्द्धनमा यिनीहरुले महत्वपूर्ण सहयोग पुऱ्याउने देखिन्छ ।

## ६.३ जैविक विविधता

यस क्षेत्रमा जैविक विविधताको हिसाबले निकै महत्वपूर्ण स्थानको रुपमा रहेको छ । यहां पाईने दुर्लभ ५२ प्रजातिका सुनाखरी, सिम्रिक, साल, भोगटे, बोट धंगेरो लगायत बोटविरुवा, वनस्पति, जडिबुटी तथा स्याल, बांदर, हरिण, मलसाप्रो जस्ता जिवजन्तु लोपन्मुख चराचुरुङ्गीहरुमा धनि क्षेत्रको रुपमा रहेको छ । राजारानी भोगटेनीको हकमा यो शिवालिक पहाडमा पर्ने हुँदा यहाँको जैविक विविधताको संरक्षण गर्ने कार्य पहिलो प्राथमिकतामा पर्दछ । यहाँ माइग्रेटरी चराहरु

पाइन्छन् तर कुन चरा कहिले त्यस क्षेत्रमा देख्न पाइन्छ सो थाहा पाउनु पर्ने हुन्छ । यसबाट उक्त स्थानमा चरा अवलोकन गर्नेहरु सिजन मिलाएर पुग्दछन् र तिनीहरुको दृश्य हेरी खुशी भएर फर्कन्छन् । यसका सार्थ त्यस ठाउँका अन्य प्रकारका प्राणीहरुले समेत सुरक्षा पाएको हुनु पर्छ । त्यस क्षेत्रलाई सुनखरी धेरै पाइने स्थानका रुपमा सुनखरी गार्डेनको विकास गर्ने र सुनखरीलाई दिगो विकासको लागि आयश्रोत बनाउन सकिने देखिन्छ ।

राजारानी पोखरी भोगटेनीको राजारानी पोखरीमा भएको जलकच्चु हटाई सफा गरिएमा सो पोखरीको सौन्दर्य वढ्नुका साथसाथमा रानी पोखरीमा अवस्थित त्यो पानीमा तैरिरहेको वोटहहरुमा विभिन्न किसिमको सुनाखरीको संरक्षण गर्न सकिन्छ । यसले जो कोहीलाई पनि लोभ्याउन सक्तछ । यहाँका अन्य प्रकारका जडीवुटीहरु जस्तो सर्पगन्धा, कुरिलो तथा फुलहरुको खेती भएमा अरु सोभा बढ्ने देखिन्छ । यस पोखरी तथा सिमसार क्षेत्रको संरक्षण गर्नका लागि तत्काल निम्नानुसारका कार्यहरु गर्न आवश्यक देखिन्छ ।

- लोप हुन लागेका वनस्पतीहरुको जैविक अभिलेख राख्ने र संरक्षण प्रारम्भ गर्ने ।
- सम्पूर्ण जंगल क्षेत्रका झार, झाडी र रुखहरुलाई अभिलेखीकरण गर्ने ।
- सुनाखरी पहिचान गरी तिनका जातीको संरक्षण र प्रजातीहरुको संख्या बृद्धि गर्ने ।
- सिमसार क्षेत्रका जीवहरुका निमित्त आवश्यक वनस्पती पहिचान गरी रोपण गर्ने ।
- झाडी भएका जग्गाको क्षेत्रफल बृद्धि गरिने ।
- जंगल फडानी र अतिचरण कमगर्न वैकल्पिक उपायहरु अवलम्बन गर्ने । गाउँमै डाले घाँस लगाउन प्रेरीत गरीने ।
- स्थानीय बासिन्दालाई सिमसार र जंगलको उचित व्यवस्थापन, रेखदेख, र खाली जमिनमा रैथाने वनस्पती लगाउन अभिप्रेरीत गर्ने ।
- स्थानीय कृषकहरुलाई पशु बधुवा गर्ने र भुइ घाँस, डाले घाँस लगाउन अभिप्रेरीत गर्ने ।
- सिमसार क्षेत्रभित्र रैथाने जाती/प्रजातीका माछा पालन गर्ने, जसले पानीको स्वच्छता र आर्थिक उपलब्ध गराउन मद्दत गर्नेछ ।
- जडिबुटी पहिचान गर्ने र संरक्षण गर्ने
- सुनाखरीका जाति प्रजाती संकलन गरी अध्ययन गर्न सकिने गरी उपयुक्त क्षेत्र तय गरी व्यवस्थित ढङ्गबाट संरक्षण गर्ने ।
- जलासय आसपास हुने अन्य बाँस र यसका प्रजातीलाई झाडी हुने गरी संक्षरण गर्ने ।
- लोप हुन लागेका जडीबुटी रुखमा उम्रिएका अर्कीड (Orcid), लहराजन्य वनस्पती Creaper Plant आदिको संरक्षणमा विशेष ध्यान दिने यहाँको रैथाने ornametel रुखहरुलाई सोभा बढाउने गरी दृष्य वनाउने ।
- राजवृक्ष र फिस्टेल पामलाई खतराको सूचिमा राखी संरक्षण गर्ने ।
- लोप भई सकेका वनस्पतिहरुको पहिचान गरी संरक्षण गर्ने ।
- पुतली संरक्षणका लागि उनीहरुसँग सम्बन्धित वनस्पती संरक्षण गर्ने

## ६.४ बजार तथा बासस्थान सुविधा

भोगटेनी मोरङ जिल्लाको पूर्वपश्चिम राजमार्गदेखि करिव १३ किलोमिटर मात्र उत्तरतिर पर्दछ । मोरङको सदरमुकाम विराटनगर देखि करिव ५० किमि उत्तर पूर्वमा रहेको यस स्थानमा जानका लागि बेलवारीदेखि कच्ची सडक निर्माण गरिएको छ । त्यसैगरी राजधानिबाट ३० मिनेटको हवाई दुरी तयगरी बिराटनगरमा अवतरण गरेपछि करिब एक घण्टाको दुरी पार गर्दा यस स्थानमा सहजरुपमा आउन सकिन्छ । यहाँबाट पूर्वपश्चिम राजमार्ग सम्म आइपुगे पछि झापा तथा भारतका विभिन्न भागहरु, पश्चिमतर्फ इटहरी र विराटनगरका साथै देसका विभिन्न भागमा, सिंहदेवी र जेफाले हुँदै पहाडी भाग तथा दक्षिणतर्फ भारतको सिमामासम्म पुग्नका लागि सडकहरु बनिसकेका छन् । यहाँबाट १३ किलोमिटर दक्षिणमा पर्ने राजमार्गमा आएपछि पूर्वतर्फ

करिब २ घण्टाको यात्रापछि पश्चिम बंगालको बाघडुग्रा विमानस्थलसम्म पनि पुग्न सकिन्छ । तसर्थ आन्तरिक पर्यटकका लागिमात्र नभएर भारतीय पर्यटकहरुका लागि समेत यहांको पहुँच निकै सुगम छ ।

भोगटेनी भेगमा हालसम्म होटल तथा लजहरुको व्यवस्था गरिएको छैन । तर यो स्थानमा बस्नका लागि अति सुन्दर रहेकाले यहाँ घरवास (home stay) को व्यवस्था गर्न सकिने संभावना प्रचुरमात्रामा रहेको छ । साथै यसको पर्यटकीय महत्वका बारेमा हालसम्म राम्रोसँग प्रचारप्रार भने हुनसकेको छैन । यहाँको पर्यटीय महत्वको प्रचार प्रसारका साथसाथमा होटल व्यवसायीका माध्यमवाट पनि पर्यटन व्यापार प्रवर्द्धनमा थप टेवा पुऱ्याउन सकिन्छ ।

## ६.५ सूचना संचारको अवस्था

यस क्षेत्रको प्रचार प्रसार एवं् सूचना व्यवस्थापनमा खासै प्रगति हुन सकेको छैन । आधुनिक सूचना प्रविधिको प्रयोग र विस्तार पर्यटन क्षेत्रको पहिचानलाई संसारसामु परिचित गराउछ । जति आकर्षक रुपमा प्रचार प्रसारका सामाग्री तयार गरि प्रवाह गरियो उति नै बढी पर्यटक वा आगन्तुकहरुलाई लोभ्याउन सकिन्छ । यस तर्फ समितिको खासै ध्यान पुगेको देखिन्दैन । पर्यटकहरुलाई आवस्यक सुचना प्रवाह गर्ने सुचना केन्द्रको स्थापना पनि भएको छैन ।

सूचना व्यवस्थापन र प्रचार प्रचार प्रसारको लागि भोगटेनी सिमसार क्षेत्र डाइनामिक वेभसाइट निर्माण, यहांको वस्तुस्थिति झल्कने पर्चा, पम्प्लेट, ब्रोसर, पोष्टर, आगन्तुकहरु भित्रने नाका वा ठाउंहरुमा होर्डिङवोर्ड, संकेत चिन्हहरुको यथासिघ्र व्यवस्था गर्नु पर्ने देखिन्छ । तुलनात्मक हिसावले यस क्षेत्रका लागि राम्रा पर्यटकीय नक्शाहरु एवम् पथपदर्शन गर्न सहायक पुस्तिकाहरुको प्रकाशन र वितरणको व्यवस्था मिलाउन सकेमा थप सहयोग हुने छ ।

पर्यटकीय क्षेत्रहरुसम्म पुग्ने वाटो देखाउनका लागि संकेत चिन्हहरु ठाउँठाउँमा राख्न पनि त्यतिकै आवश्यक छ । मोरङमा हिमाल छैनन् । तसर्थ वाह्य पर्यटक आउने सम्भावना छैन भन्ने धारणा पनि यदाकदा राख्ने गरिन्छ । तर यस क्षेत्रका पर्यटकीय क्षेत्रहरुको महत्वका वारेमा समुचित प्रचार प्रसार गरिएको खण्डमा भएको भ्रम स्वत: हटेर जाने देखिन्छ । साथै वाह्य पर्यटनलाई मात्र नभएर आन्तरिक पर्यटनको प्रवर्द्धनका लागि पनि सन्चारका साधनहरुको महत्वपुर्ण भूमिका रहने गर्दछ ।

## ६.६ पूर्वाधार संरचनाको अवस्था

राजारानी क्षेत्रको हालको अवस्था अवलोकन गर्दा चारैतिर वन जंगलले घेरिएको सानो उपत्यकाको रुपमा रहेको यो स्थान करीब ८१६ रोपनी क्षेत्रफलमा विस्तार भएको छ । यस स्थानको पूर्वाधार अवस्था निम्नानुसार रहेको पाइन्छ ।

- दुईवटा ठुला राजा र रानी पोखरी छन् जसको पूर्व उत्तर भागमा सानो आकारको छोरी पोखरी अवस्थित छ । जसमा राजा पोखरी ०.७७ हे., रानी पोखरी २.७४ हे. र छोरी पोखरी ०.०७ हे. क्षेत्रफल आगटेको छ ।
- राजा र रानी पोखरीको बिच थुम्कामा शिवालय मंदिर रहेको छ । जसको पूर्व दक्षिण तिर यात्रु आराम गर्ने विश्रामालय रहेको छ ।
- राजापोखरीको दक्षिण भागमा पक्की बाध बनाई जलासय बढाइएको छ । जसमा भित्र विभिन्न प्रजातिका माछाहरु पालेको छ ।
- पोखरी क्षेत्रमा झर्नको लागि केही भागमा सिढीको पनि निर्माण गरिएको छ । भने रानी पोखरी वरिपरी घुम्नको लागि सानो गोरेटो निर्माण गरिएको छ ।

- राजापोखरी दक्षिण तर्फ पिकनिक स्थालको निर्माण गरिएको छ भने टिनले छाएको काठको सौचालय समेत रहेको छ ।
- रानी पोखरी उत्तर तर्फ धिमाल जातीको काठले बनेको दुइवटा ग्राम थान रहेका छन् ।

# ७ ग्रामिण पर्यटन विकास संभावनाहरु

## ७.१ पर्यावरणीय पर्यटन

भोगटेनी क्षेत्रको पर्यटनको अर्को ढाँचा पर्यावरणसँग पनि जोडिएको छ । यस गाविसमा रहेको राजारानी धिमाल पोखरी तथा सिमसारले यस्तो संभावना बोकेको छ । यसको सम्बन्ध बेलवारी स्थित बेतना सिमसारक्षेत्रसँग पनि गराउन सकिन्छ । यी दुवै सिमसारको एकिकृत रुपमा संरक्षण, सम्बर्द्धन, विकास र प्रचार प्रसार गर्न सकिएको खण्डमा यस स्थानलाई जैविक विविधताले भरपुर उद्यानका रुपमा विकास गर्न सकिने देखिन्छ । प्राकृतिक विषयवस्तुलाई पर्यटनको विकासका दृष्टिले सदुपयोग गर्दा एउटा चुनौति हामी सामु जहिले पनि रहिरहन्छ । त्यो के हो भने पर्यावरणको विनासबाट त्यस्ता वस्तुलाई जोगाउनु । वास्तवमा पर्यावरण र पर्यटन एकअर्कामा विपरित विषयवस्तु हुन् । किनकि पर्यटनको विकासका साथसाथै पर्यावरणमा विनास स्वाभाविक रुपमा हुने गर्दछ । तसर्थ यस्तो विकासमा पर्यावरणको संरक्षणलाई पनि सँगसँगै लैजानुपर्ने हुन्छ ।

भोगटेनीको राजारानी धिमाल पोखरी तथा सिमसार क्षेत्र जैविक विविधताका कारणले निकै सम्पन्न छ । यस भेगमा अनेकन प्रकारका दुर्लभ वनस्पतिहरु रहेका छन् भने जंगली जनावर र जलीय जीवजन्तुको आश्रय स्थलका रुपमा पनि यो सिमसार क्षेत्र रहेको छ । विभिन्न प्रकारका पुतलीहरु र सुनाखरीका लागि पनि यो स्थान निकै प्रख्यात रहेको छ । पर्यटनको विकास गरेर यहाँ पर्यटकहरुको चाप बढ्न लागेपछि क्रमिक रुपमा त्यस्ता जैविक विविधता जोखिममा पर्ने सम्भावना रहन्छ । तसर्थ ताल तथा सिमसारको संरक्षण र पर्यटनको विकास सँगसँगै गर्न आवश्यक हुने गर्दछ । यसका लागि ताल तथा सिमसारको केही भागलाई संरक्षित क्षेत्रका रुपमा मानिसहरुको घुसपैठ रोक्नुपर्ने हुन्छ भने त्यहाँका प्राकृतिक वनस्पतिको संरक्षण गर्न पनि त्यत्तिकै आवश्यक छ । तसर्थ यसलाई संरक्षित क्षेत्र र मानव गतिविध क्षेत्र अलगअलग भागमा बाँडेर यस स्थानको पर्यटन विकास गर्न सकिने देखिन्छ ।

भोगटेनीको सिमसार र जंगलका वनस्पती आदिको वैज्ञानिक नामाकरण उल्लेख गरी, लोप हुन लागेका दुर्लभ उष्ण प्रदेशीय वनस्पती, आर्किड या सुनखरी जडिबुटी र रामसारका, वनस्पतीहरुको संरक्षण गरिएमा यो स्थान जीव र वनस्पती अध्ययनकर्ताका लागि उपयुक्त स्थानका रुपमा रहेको छ । यहाँ खतरामा परेका र दुर्लभ वनस्पती तथा जडीबुटीहरुको संरक्षण गर्न पनि आवश्यक देखिन्छ । यसो गरेमा यो स्थान पर्यटकहरुका लागि उपयुक्त स्थल बन्न सक्ने देखिन्छ । यहाँ बोटानिकल उद्यान स्थापना गरिएमा यसले यस क्षेत्रको सौन्दर्य अभिबृद्धि गर्न र जलाधार व्यवस्थापन गर्न समेत सहयोग पुऱ्याउने देखिन्छ । साथै प्रकृतिसँगै समायोजन गरिएको यस बोटानिकल क्षेत्रले पर्यटन व्यवसायको बृद्धि गर्नका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा जीव वनस्पतीको अध्ययन गर्ने थलोको रुप लिन सक्ने देखिन्छ ।

## ७.२ ग्रामिण सांस्कृतिक पर्यटन

ग्रामिण सांस्कृतिक पर्यटन भोगटेनीका लागि अर्को महत्वपूर्ण क्षेत्र हो । यस क्षेत्रमा बसोवास गर्ने विभिन्न जात जातिहरुको भाषा, संस्कृति र रहन सहन, त्यति नै संख्यामा रहेका आदिवासि र जनजाति जातिका टोल, गाउँ र बस्ति यस क्षेत्रका बिषेश आर्कषणका क्षेत्र हुन्, अन्तरगत उनिहरुको बिशिष्ट भेषभूषा, चाडपर्व र रहन सहन आदिको अवलोकनका लागि पनि लाखौंको संख्यामा पर्यटकहरु भित्र्याउने क्षमता भोगटेनीको राजारानी धिमाल पोखरी क्षेत्र लगायत यस गाविसमा रहेको छ ।

भोगटेनी साँस्कृतिक दृष्टिले ज्यादै महत्वपूर्ण र सम्पन्न पनि छ । यहाँका आदिवासी र जनजातीको स्थानीय शीप, कलाकौशल, नृत्य, भेषभूषा पर्व, उत्सव, मेला परम्परा र आवासहरु यस भेगका साँस्कृतिक सम्पदाहरु हुन् । धिमालको ढङढङे मेला, लिम्बूहरुको च्याब्रुङनाच र धान नाच तथा

मगरहरुको भर्रानाच आदि यहाँको साँस्कृतिक आकर्षणका केन्द्रविन्दु हुन् । धिमालहरुको ग्रामथान पूजा पनि यहाँको स्थानीय सांस्कृतिक आकर्षणको केन्द्र विन्दु हुन सक्तछ ।

अन्य प्रकारका तुलनामा सांस्कृतिक पर्यटन ज्यादा ज्ञानवर्धक र महत्वपूर्ण पनि हुने गर्दछ । यसले कुनै पनि समुदायको लामो परम्परालाई झल्काउने गर्दछ । कुनै पनि समुदायलाई चिनाउने माध्यम उनीहरुकै संस्कृति हो । तसर्थ प्राय सवै समुदायले आ-आफ्नो संस्कृति जोगाउन प्रयास गरिरहेका हुन्छन् । संस्कृति विकसित र अविकसित हुदैन । सवै प्रकारको संस्कृतिलाई समान रुपमा विकसित मानिन्छ । ढिंडो खाने, रोटी खाने या भात खाने जे सुकै होस सवै संस्कृति समान मानिन्छन् । तसर्थ पर्यटकहरु आफूभन्दा भिन्न संस्कृति हेरेर रमाउने गर्दछन् । यसका लागि हामीले पूर्वाधार तयार पार्नु पर्दछ, जसका सम्भावना यस गाविसमा प्रसस्तै छन् ।

## ७.३ ग्रामिण कृषि पर्यटन

मोरङको भोगटेनी गाविसको पर्यटनको अर्को ढाँचा कृषि पर्यटन हुनसक्ने देखिन्छ । यहाँ विभिन्न वालिनालि विशेष गरी जडिबुटी उद्यान, जैविक सागसब्जी, फलफूल र नगदेवालीको व्यवसायिक खेति गर्ने र त्यसलाई पर्यटनको क्षेत्रमा विकास गर्न सकिने संभावना छ । यहाँ खेतिपाति गरिने कार्यलाई महोत्सवका रुपमा मनाउने पनि सकिन्छ । यसले पनि यस भेगमा पर्यटकको आकर्शण थप गर्ने देखिन्छ । यस्तो कार्यको सुरुवात गरिएको खण्डमा  एकको सिको अर्काले पनि सिक्ने र यसले पर्यटन प्रवर्द्धनलाई टेवा पु¥याउने देखिन्छ ।

## ७.४ घरेलु उद्योग पर्यटन

मोरङ जिल्ला उद्योगधन्धाका दृष्टिले निकै प्रख्यात भए पनि भोगटेनी गाविस भने यस दृष्टिले निकै पछि छ । यहाँ ठूलाठूला उद्योगहरुको अभाव छ । तर पनि यहाँ साना घरेलु तथा कुटिर उद्योगहरु केही मात्रामा रहेका छन् । हाल भोगटेनी क्षेत्रमा मान्द्रो, डोको, टोकरी, ठेकी लगायतका सामानहरु गाउँमा नै बनाउने चलन छ । यस्तो अवस्थामा यहाँका स्थानीय आदिवासी जनजातिका हस्तकलाका नमुना उत्पादन गर्ने खालका उद्योगहरु खोलिएको अवस्थामा यहाँको हस्तकलाको प्रबर्द्धन हुनुका साथै पर्यटनको विकासमा टेवा पुग्ने देखिन्छ । हस्तकलाका साथमा यहाँ कृषिजन्य उद्योगहरु खोल्ने र तिनीहरुलाई पर्यटनका आधारमा विकास गर्न सकिने संभावना रहेको छ ।

# ८ ग्रामिण पर्यटन विकासका प्रभावहरु

## ८.१ सामाजिक तथा सांस्कृतिक प्रभाव

ग्रामिण पर्यटन विकाससंग संगै केही नकारात्मक सामाजिक एवम् सांस्कृतिक प्रभावहरु निम्नानुसार हुने देखिन्छ ।

- स्थानीय जनमानसमा पर्यटकको खाने लाउने व्यवहारवाट पर्ने असर ।
- संस्कृतिको व्यापारीकरण ।
- परम्परागत खेतिपाति तथा पशुजन्य व्यवसायमा निर्भर जीवनशैलीमा आउने परिवर्तन ।
- मुद्रास्फिति तथा गरिब एवम् सुबिधावाट बञ्चित समुहमा पर्न जाने महङ्गीको असर ।
- स्थानीय कला र बास्तुकलाको शैलिमा आउने परिर्वतन ।
- स्थानीय खानपीनमा आउने परिवर्तन ।

पर्यटन व्यवसायको बिकाससँगै अन्य स्थलसँगको निर्भरताले परापूर्व कालदेखि कायम रहेको परम्परागत चालचलन तथा सामाजिक सहिष्णुताजस्ता समाजका स्थापित मान्यताहरु बिस्थापित हुन सक्छन् । माथि उल्लेखित नकारात्क असरहरु प्रत्यक्ष रुपमा पर्यटनसँग मात्रै सम्वन्धित छैनन् । यस क्षेत्रका बासिन्दाको शैक्षिक स्तर एवंम् बिश्वव्यापी सञ्चारका माध्यमहरुसँगको नियमित सामिप्यताले पनि यस्ता नकारात्मक असरहरु भित्रन सक्छन् । त्यसैले पर्यटनले स्थानीय समुदायलाई प्रत्यक्ष फाइदा

पुऱ्याउन सक्नु पर्दछ । पर्यटनको प्रवर्द्धन स्थानीय सामाजिक एवम् सांस्कृतिक परम्पराको सम्वर्द्धनमा निर्भर हुन्छ भन्ने तथ्य स्थानीय बासिन्दालाई बुझाउन पनि सक्नु पर्दछ । पर्यटन व्यवसायले आर्थिक फाईदासँगै आफ्नो सम्पदाको गौरव गर्ने संस्कृतिलाई पनि प्रोत्साहित गर्दछ भन्ने तथ्य बिर्सनु हुँदैन ।

## ८.२ आर्थिक प्रभाव

भोगटेनीको धिमाल पोखरी तथा सिमसार क्षेत्रको आसपासमा बस्ने बासिन्दाहरुले पर्यटनलाई आय आर्जनको प्रमुख स्रोतको रुपमा बिकास गर्न अझै पनि सकेका छैनन् । पर्यटकिय क्षेत्रहरुमा लाग्ने मेला, वा धार्मिक उत्सवहरुमा सानो तिनो चिया पसल संचालन गर्ने र बसिबियाँलो गर्ने देखि अन्य उल्लेखनिय आर्थिक कार्यकलाप हुन सकेको छैन । यस्ता क्षेत्रमा पर्यटनको बिकास गर्न सकेको खण्डमा स्थानीय उत्पादन दुध, फलफुल साग ससव्जी, पशुजन्य तथा कुखुरा को बिक्रि वितरण बढ्ने देखिन्छ । ती क्षेत्रमा लज तथा होटल खोल्न सकिने तथा त्यसबाट रोजगारीको अवसर प्राप्त हुने, स्थानीय हस्तकलामा आधारित बस्तुहरुको बिक्रि बितरण गर्न सकिने र पर्यटकको सहयोगि बन्ने अवसर उपयोग गरी आय आर्जन गर्न सकिने स्पष्ट छ । सरकारी, गैर सरकारी निकाय र त्यहांका समुदायहरुको आर्थिक उन्नति गर्न पर्यटन व्यवसायलाई टेवा दिनु पर्ने आवस्यक देखिन्छ ।

## ८.३ वातावरणीय प्रभाव

राजारानी भोगटेनीको धिमाल पोखरी भेगको उल्लेखनिय वातावरणीय असर मुख्यतया निम्नानुसारका क्रियाकलापहरु सँग सम्वन्धित छन् । तिनीहरुले पर्यटन उद्योगलाई मात्र नभई समग्र बातावरणिय संतुलन माथि चुनौति दिएका छन् :

- **औद्योगिकिकरण** : हाल भोगटेनी क्षेत्रमा वातावरणीय प्रभाव पार्ने खालका उद्योगहरु त खुलेका छैनन् । तर पनि कालान्तरमा यहाँको पर्यटनको विकासका साथसाथै यहाँ पर्यटकलाई सामानहरु विक्रि गर्न आवश्यक वस्तुहरु उत्पादन हुने खालका उद्योगहरु नखुल्लान भन्न सकिंदैन । यसले गर्दा यहाँ औद्योगिक प्रदुशण ब्ढ्न सक्ने संभावना त्यत्तिकै छ । तसर्थ यहाँ ठूला उद्योगका बदलामा स्थानीय शीप र हस्तकलासँग सम्बन्धीत उद्योगहरुको प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । साथै यस भेगका जंगल, वनस्पति र जिवजन्तु प्रयोगलाई पनि व्यवस्थापन गरी पर्यटन विकासतर्फ लगाउनु पर्दछ ।
- **दाउराको अवैधानिक प्रयोग** : भोगटेनीको सामुदायिक वन पनि राजारानी धिमाल पोखरी स्थानमा पर्दछ । यहाँ सामुदायिक वनभित्र सिमसार क्षेत्र रहेको छ । वन र सिमसारक्षेत्रको संरक्षण अलगअलग विधाका विषयवस्तु हुन् । सामुदायिक वनको उद्देश्य लडेका र काम नलाग्ने तथा मरेका रुखहरु समुदायको हितका लागि खर्च गर्नु रहेको हुन्छ भने सिमसारको मान्यता त्यसभन्दा फरक लडेका रुखहरु पनि माटोमानै ढल्न दिने तथा त्यसमा झारपात तथा लेउ र काईजस्ता वनस्पति बढ्न दिनुमा रहेको हुन्छ । तसर्थ यी दुवैलाई समन्वय गरी सिमसारको संरक्षण तथा पर्यटनको प्रबर्द्धन गर्न आवश्यक छ ।

  मोरङको भोगटेनी भेगमा वन विनास र फँडनी त भएको देखिंदैन । तर पनि खालि जमिनमा विरुवा लगाएर हुर्काउने तथा हरियाली बढाउने कार्यले भने निरन्तरता पाउन सकेको देखिंदैन । तसर्थ त्यस्ता भेगमा बोटविरुवा रोपी हुर्काउने तथा पर्यावरण संरक्षण गर्दै पर्यटनको विकास गर्ने कार्य यहाँको आवश्यक विषयवस्तुका रुपमा रहेको छ ।
- **जनसंख्या बृद्धि** : मोरङको भोगटेनी गाविसमा जनसंख्या बृद्धि दर निकै न्यून रहेको छ । यहाँ विगत छसात वर्षको हाराहारीमा करिव ५०० जना मात्र जनसंख्या बढेको देखिन्छ । तर भविश्यमा यस भेगको पर्यटनको विकास हुँदा यहाँ जनसंख्या पनि बढेर जाने देखिन्छ । यसले यहाँको प्रदुषण बृद्धि गर्ने र जैविक विविधतामा असर तुल्याउने कुरा निर्विवाद छ । तसर्थ समयमा नै यसतर्फ पनि चासो राख्न आवश्यक देखिन्छ । यसै गरी पर्यटकिय क्षेत्रको आसपासमा पालिएका बस्तुभाउहरुले ती क्षेत्रहरुमा चरिचरन गर्दछन् र स्थानीय बासिन्दाको यस

प्रबृतिले बनको पुनरोत्पादन क्षमतालाई अवरुद्ध पार्दछ । यसवाट प्राकृतिक बातावरणमा ह्रास आउँछ र यस क्षेत्रको पर्यटकिय आर्कषण घट्न सक्तछ ।

राजारानी धिमाल पोखरी तथा सिमसारक्षेत्रमा पनि माथि उल्लेख गरिएबमोजिमका प्रशस्तै समस्याहरु रहेका छन् । सिमसार क्षेत्रमा मानव र घरपालुवा जनावरको प्रवेशले यस भेगका चराचुरुङ्गी, जंगली जनावर र दुर्लभ तथा लोपोन्मुख वनस्पतिहरु जोखिममा परेका छन् । यहाँ जैविक विविधताको संरक्षणका लागि यस्ता गतिविधको नियन्त्रण आवश्यक छ ।

- **अव्यवस्थित फोहोर बिसर्जन :** अधिकांस पर्यटकिय क्षेत्रहरु र त्यहाँका समुदायहरुमा शौचालयको फोहोर तह लगाउने संयन्त्र ( सेफ्टी ट्याकी ) को व्यवस्था नगरी मानवजन्य फोहोरहरु नदी, प्राकृतिक रुपमा बनेका खाल्डा, नाला, ताल तलैया, बाटोमा बिर्सजन गर्ने प्रबृतिले बातावरणीय बिनास निम्त्याउदछ । अजैबिक फोहोरहरु मुख्यतया, बिस्कूट, चाउचाउका खोल र अन्य प्लाष्टीक जन्य सामानहरु यत्रतत्र फ्याक्ने गरेको पाईन्छ ।

  हाल आएर भोगटेनीको धिमाल पोखरी क्षेत्रमा फोहर बढ्न नदिने कुरामा पनि सतर्कता अपनाउन थालिएको छ । पोखरी तथा सिमसारको हेरचाह गर्नका लागि चौकीदारको व्यवस्था मिलाइएको छ । तसर्थ त्यहाँ हाल आउने पर्यटकहरुलाई उनीहरुले गर्ने फोहरको उचित व्यवस्थापन गर्न उनले सल्लाह दिने गरेका छन् । यस्तो कार्यले यहाँका पर्यटकीय क्षेत्रहरुमा फोहरको समस्या कम भएर जाने देखिन्छ ।

- **जैबिक स्रोतको चोरी निकासी :** भोगटेनीको राजारानी धिमाल पोखरी क्षेत्रमा अनेक प्रकारका जीवजन्तु र वनस्पतिहरु पाइने गर्दछन् । त्यस्ता जैबिक ( किरा, पुतलि, चरा तथा बनस्पतिका दुर्लभ प्रजाति ) वस्तुको विनास तथा चोरी निकासीको सम्भावनालाई निरुत्साहित गर्न सक्रिय अनुगमन तथा सन्यन्त्रको निर्माण गर्न जरुरी छ ।

  जंगली र झाडी क्षेत्रमा चोरी शिकार गर्ने परिपाटी पनि अदृश्य रुपमा रहिरहेको हुन सक्तछ । यसले गर्दा यहाँका दुर्लभ जिवजन्तु र पशुपंछिहरु दिनहुँजसो नासिन सक्तछन् । तसर्थ यस्तो कृयाकलापलाई निरुत्साहित गर्न नितान्त आवश्यक छ ।

- **घर निर्माणमा काठको प्रयोग गर्नु :** यस गाविसमा जनसंख्याको बृद्धि तिब्र गतिमा बढेको छ छैन । तर पनि भविश्यमा पर्यटनको विकासका साथसाथै यहाँको जनसंख्यामा पनि बृद्धि हुन सक्ने कुरालाई नकार्न सकिंदैन । यस्तो अवस्थामा सालिन्दा घर निर्माणका लागि काठपातको प्रयोग र जंगलको विनाश हुन सक्ने देखिन्छ । धेरै ठाउँहरुमा अहिले पनि काठका घरहरु निर्माण गर्ने चलन छ भने पक्की घरहरुमा पनि झ्याल र ढोकाका लागि काठको प्रयोग हुने गरेको छ । यसरी काठका घर निर्माण गर्न मानिसहरु जंगलमा नै निर्भर हुने गर्दछन् र यहाँको जंगल सालिन्दा जसो माँसिदै गएको छ । तसर्थ यसलाई निरुत्साहित गरी वैकल्पिक उपाय अवलम्वन गर्न आवश्यक देखिन्छ ।

- **प्रभावकारी सरकारी नीतिको अभावः**

  पर्यावरण संरक्षण र सुधारको लागि सरकारी स्तरबाट तर्जुमा गरिएका नीति, नियमहरुको प्रभावकारी कार्यान्वयनको कमीले पनि वर्षोनी धेरै वनजंगलको नास हुदै गइरहेको छ । सामुदायिक वन नीतिले केही हदसम्म वन फडानीमा नियन्त्रण र कमी आएतापनि समितिहरुको नियमित अनुगमन र निरीक्षण नहुदां आफै संरक्षक र भक्षक समेत भएको अवस्था छ । अतः यिनीहरुको कार्य अवस्था अध्ययन गरी राम्रो गर्नेलाई प्रोत्साहन र नराम्रो गर्नेलाई दण्ड सजायको व्यवस्था कडाइका साथ लाागु गर्न सकेमा वातावरण विग्रनबाट सुधार हुदै जानेछ अपेक्षा गर्न सकिन्छ ।

- **अनियन्त्रित चरन प्रणालीः**

  जंगल क्षेत्रमा स्थानीयवासीहरुले गाईवस्तुको लागि जथाभावी रुपमा चरन गराउने गर्दा वन्यजन्तु र जैविक स्रोतहरुमा नास हुदै गइरहेको छ । पर्यावरणीय संरक्षण र विकासको लागि स्थानीय क्षेत्रमा अलग अलग चरन र संरक्षण क्षेत्रको किटान हुन आवश्यक छ । यसो नहुदां

भैरहेको वनस्पति प्रणालीमा असर र नोक्सानीले वातावरणीय सन्तुलनमा दिनु दिन प्रभाव पारिरहेको छ ।

# ९ सहभागितामुलक ग्रामिण पर्यटन व्यवस्थापन रणनीतिक योजनाका लक्ष्य र उद्देश्यहरु

मोरंङ जिल्लामा सहभागितामुलक जिल्ला पर्यटन बिकास तथा व्यवस्थापन गुरु योजनाका लागि तल उल्लेखित लक्ष्य तथा उदेश्यहरु प्रस्ताव गरिएका छन् । यी लक्ष्य तथा उदेश्यहरु भ्रमणका क्रममा सरोकारवालाहरु सँग छलफल गरी कार्यशाला गोष्ठिवाट अनुमोदन गरिएको हो । सहभागिता मुलक जिल्ला पर्यटन बिकास तथा व्यस्थापन योजनाको सम्पूर्ण लक्ष्य जिल्लामा पर्यटनको दिगो पर्वद्धन व्यवस्थापन एवं बिकास गरी प्राकृतिक, साँस्कृतिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण गर्नु हो, जसले स्थानीय समुदायलाई बढि भन्दा बढि फाईदा पुऱ्याउन सकोस ।

## ९.१ लक्ष्य : *राजारानी क्षेत्रलाई पूर्वाञ्चलको नमूना ग्रामिण पर्यटकिय क्षेत्रको रुपमा स्थापित हुनेछ ।*

*९.१.१ उद्देश्यः जैविक विविधताको पहिचान, संरक्षण र अभिलेख तयार गर्ने ।*

*९.१.२ उद्देश्यः सरोकारवालाहरुको क्षमता अभिबृद्धि, समन्वय तथा श्रोत खोजी र परिचालन गर्ने ।*

*९.१.३ उद्देश्यः :आवश्यक संरचना र पूर्वाधार तयार गरी ग्रामिण पर्यटन अभिबृद्धि गर्ने*

# १० रणनीतिहरु

भोगटेनी भेगको पर्यटन प्रवर्द्धनका क्रममा प्रथम पाँच वर्षका लागि राजारानी पोखरी क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन योजना तयार गर्दा अपनाईएका प्रवर्द्धनका रणनीतिहरु निम्नानुसार छन् ।

- राजारानी पोखरी क्षेत्रको सिमा निर्धारण गरी उपयुक्त पर्यटन मोडलको पूर्वाधार अध्ययन गर्ने ।
- राजारानी पोखरी तथा सिमसारको संरक्षणका लागि विस्तृत योजना (Detail Plan) निर्माण गर्ने ।
- स्थानीय सरोकारवाला संघसंस्थाहरुसँग समन्वय गर्दै पर्यटन विकासका कदमहरु चाल्ने ।
- यस स्थानको समन्वय विशेष गरी जेफालेडाँडा र बेतना सिमसार क्षेत्रसँग गरी यी स्थानको एकीकृत विकासका लागि सम्बन्धित स्थानका समितिहरुसँग मिलेर योजना निर्माण गर्ने ।
- संरक्षण समितिको क्रियाशिलता बढाई लगानीको स्रोतहरु पहिचान एव् खोजीलाई तिव्रता दिने ।
- पूर्वाधार विकासको क्षेत्रमा विशेष प्रस्तावित ढांचा अनुरुप कार्य गर्ने गराउने ।
- जैविक विविधताको संरक्षण र विकासमा समुदायस्तरबाट गर्न सकिने कामहरु पहिल्याई कार्यान्वयनमा ल्याउने ।
- सार्वजानिक निजी साझेदारीको लागि कार्यनीति बनाई प्रस्ताव आह्वान गर्ने ।

- पूर्वाधार सुधार एवं विकासका लागि प्रस्तावित ढाचा अनुसार कार्यान्वयनलाई अगाडी बढाउने ।
- स्थानीय गाविस, जिविस, विराटक्षेत्र पर्यटन विकास समिति, नेपाल पर्यटन वोर्ड, विभिन्न मन्त्रालयहरु तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बद्ध संघसंस्थाहरुसँग समन्वय र सहकार्य गर्दै सिमसारको संरक्षण तथा पर्यटन प्रबर्द्धनको कार्यलाई सँगसँगै अगाडि बढाइने छ ।

## ११ सबल र दुर्बल पक्ष तथा अवसर र चुनौती

यस क्षेत्रमा पर्यटन विकासका निकै संभावना रहेको विश्लेषण भैसकेको छ । यसलाई पुरा गर्नको लागि स्थानीय स्तरमा विद्यमान् अवसरहरुको उपयोग गर्दै देखिएका चुनौतीहरुको व्यवस्थापन गर्न सकेको खण्डमा राजारानी पोखरी क्षेत्रलाई पर्यटनको क्षेत्रमा परिचित गराउने समितिले लिएको नीति पुरा हुने देखिन्छ । यस सम्वन्धमा सरोकारवालहरु संग गरिएको छलफलको आधारमा निम्न अनुसार सबल पक्ष कमजोर पक्ष तथा अबसर र चुनौतिहरु देखिएका छन् ।

### ११.१ सबल पक्षहरु

- आर्कषक प्राकृतिक पोखरी ।
- दुर्लभ ५२ प्रजातिको सुनाखरी ।
- जैबिक विविधता ।
- दुईसय भन्दा बढि प्रजातिका चराचूरुङ्गीहरु ।
- राजधनेस देख्न सकिन्छ ( बैशाख देखि अषाढ सम्म )
- मयूर, कछुवा, थोतरी, सर्पहरु
- २० हेक्टरमा ३ ओटा पोखरी लगायत एउटा चौरी क्षेत्र ।
- सामान्य कच्चि गोरेटो ।
- संरक्षण समिति गठन ।
- खानेपानी सूविधा ।
- सरसफाई र खूल्ला दिसा मूक्त क्षेत्र घोषण भएको ।
- पिकनिक खानेलाई सूविधा
- टहरा, मन्दिर ।
- सहभागिता राम्रो रहेको ट ।
- हेरचाह गर्ने संरक्षक १ रहेको ।
- हरेक बर्ष बैशाख २ गते मेला लाग्ने ।
- एउटै जातिको बसोवास रहेको ।
- हूर्रा नाच हेर्न सकिने ।
- स्थानीय परिकार कोदो, फाफर, मकै, सिस्नू, घरेलू तथा जंगलि फलफूलबा६ बनेका रक्सी

### ११.२ दुर्बल पक्षहरु

- समिति दर्ता छैन ।
- १२ महिना यातायातको सुविधा छैन ।

- पर्यटन पूर्वाधारको कमि ।
- कार्ययोजनाको कमि ।
- पोखरी संरक्षणको कमि ।
- राजारानी बन संरक्षण समिति र पोखरी संरक्षण समिति बिच समन्वयमा कमि ।
- धिमाल जाति बिकास केन्द्र बिच समन्वयमा कमि ।
- प्रयाप्त प्रचार प्रसार, संचार सामाग्रिमा कमि ।
- छिमेकि पर्यटकिय गन्तव्यहरु बेलवारी, जेफाले, उर्लावारी जस्ता ठाउहरुबिच सम्वन्ध बिस्तारमा कमि ।
- पिकनिक स्थलको उचित व्यावस्थापन हुन नसकेको ।

### ११.३ अवसरहरु

- राजारानी क्षेत्रलाई जैबिक विविधताको अध्ययन केन्द्र बनाउने ।
- राजारानी क्षेत्रमा जलासय बढाई ढु□ा सयर गराउने ।
- सुनाखरीको बगैचा निर्माण गर्न सकिने ।
- बालमैत्रि मनोरंजन स्थलको निर्माण गर्ने ।
- होम स्टेको सम्भावना रहेको ।

### ११.४ चुनौतीहरु

- सिमसार संरक्षण निति र वन ऐनमा तालमेल नमिलेको ।
- सामूहिक प्रतिवद्धता नभएको ।
- सचेतनामा कमि ।
- सामाजिक तथा मानविय बिकासलाई कम महत्व दिने परिपाटी
- संरक्षण र व्यावस्थापनमा समस्या ।
- पुर्वाधार र संरचना निर्माणमा समस्या ।
- संस्था दर्तामा समस्या ।
- श्रोत व्यावस्थापन खोजी ।

## १२ प्राथमिकताहरु

यस क्षेत्रको विकास एवंम् सुधारको लागि मुलत निम्नानुसारको क्षेत्रमा प्राथमिकतामा राखी कार्य गर्नुपर्ने देखिन्छ ।

- वृक्षारोपण- (भुइँझार, झाडी र रुख) जंगलको सिमाक्षेत्रहरु बढी घना बनाउने तथा मानिस प्रवेश निषेध क्षेत्र छुटयाई यसलाई तत्काल लागु गर्ने ।
- प्रवेशद्वार सहितको बाउण्ड्री घेराबारा (जैविक घेरा)
- ढुङ्गा छापेर पैदल बाटो ।
- सौचालय निर्माण ।
- खानेपानीको व्यवस्था ।
- श्रोत क्षेत्रबाट चलेको बाटोको विकल्प खोज्ने ।
- चरामैत्री विरुवा लगाउने

- सिमसारका जीव पंक्षीको आवास निमित्त वनस्पतीबाट वातावरण बनाउने ।
- वनस्पती (लोप हुन लागेका र रहेका) लागत तथ्यांक संकलन गर्ने
- बोटानिक नाम राख्ने (यसरी नाम राख्दा रुखमा काँटी ठोक्ने नगरी ट्यागलाई बाँधेर भुण्ड्याउने।

## १३ तर्कबद्ध खाका (Logical Framework) विश्लेषण तथा क्रियाकलपाहरु: अनुसूचि १ मा राखिएको छ ।

## १४ कार्यान्वय र अनुगमन

रणनीतिक योजनाले लक्षित गरेको लक्ष्य तथा उद्देश्य परिपूर्ति गर्नको लागि यसमा प्रस्तावित कार्यक्रमहरुको कार्यान्वयन पूर्ण रुपमा ल्याउनु पर्दछ । यसका लागि पहिलो शर्त स्थानीय श्रोत साधनहरु पहिचानको र उपयोगमा ल्याउन नितान्त जरुरी हुनेछ । यसो गर्दा स्थानीय समुदायको सहभागितामा बृद्धि हुनुको साथै अपनत्वको भावना विकास हुन गई दिर्घकालीन रुपमा संरक्षण एवं विकासको खाका तयार हुन जानुको साथै कार्यान्वयन र अनुगमनको लागि समुदायलाई सशक्त र प्रभावशाली बनाउन आवश्यक छ । योजना कार्यान्वयनको सवालमा मुलत आन्तरिक तथा बाह्य स्रोत व्यवस्थापन गर्न सकिने छ जसअर्न्तग विराट क्षेत्र पर्यटन विकास समिति, नेपाल पर्यटन वोर्ड, वन तथा भूसंरक्षण विभाग, तालतलैया विकास समिति, पर्यटन मंत्रालय, अर्थ मंत्रालय, विश्व वन्यजन्तु संरक्षण कोष, गाउ विकास समिति, जिल्ला विकास समिति, निजी क्षेत्र लगायत अन्य सरोकारवालाहरुसंग समन्वय र सम्बन्ध विस्तार आवश्यक छ ।

## १५ ग्रामिण पर्यटन प्रबर्द्धनका अवरोधहरु

यस कममा सिमसार क्षेत्रको विकास विस्तारको संरक्षणको लागी निम्न प्रकारका कृयाकलापहरु बर्जित वा बन्देज गर्न आवश्यक छ ।

१. सिमसार क्षेत्रमा सिमेन्टको प्रयोगबाट हुने निर्माण कार्यलाई निषेध गर्ने ।
२. निर्माण गर्नु परेमा गुरुयोजना अनुसार मात्र कार्य गर्ने ।
३. घरेलु बोटविरुवा जंगल क्षेत्रमा रोप्न नहुने ।
४. कार्यक्रम उत्सवमा ढोल तथा अन्य प्रकारका ठूलो आवाज आउने बाजागाजा जंगल र सिमसार क्षेत्रमा प्रयोग नगर्ने
५. रातो रंग निषेध गर्ने ।
६. प्लाष्टिक पूर्णरुपमा निषेधित क्षेत्र घोषणा गर्ने ।
७. खुल्ला धुम्रपान, मदिरा निषेधित गर्ने।
८. शिकारी प्रतिबन्ध गर्ने ।
९. घर पालुवा जीवजन्तु कुकुर आदि निषेध गर्ने ।
१०. जीवजन्तु काटमार गर्न निषेध गर्ने ।
११. बल्छी प्रयोगमा प्रतिबन्ध गर्ने ।
१२. बाउण्ड्री मज्बुत गर्ने ।
१३. नियमित जानकारी लिन सकिने प्रकारका बोर्डको व्यवस्था गर्ने ।
१४. डढेलो लगाउन राक्ने ।
१५. झाडी फँडानी, लहरा कटान र बाल्मीकि ढिस्का फुटाउन प्रतिबन्ध गर्ने ।
१६. गुलेली निषेध गर्ने आदी ।

# अनुसूचि १: तर्कबद्ध खाका विश्लेषण र क्रियाकलापहरु

## १३. तर्कबद्ध खाका विश्लेषण (Logical Framework)

*राजारानी पोखरी क्षेत्रको पांचवर्ष आ.व.(०६८/६९ देखि ०७२/७३) को लक्ष्य: राजारानी क्षेत्रलाई पूर्वाञ्चलको नमूना ग्रामिण पर्यटकिय क्षेत्रको रुपमा स्थापित भएको हुनेछ ।*

| उद्देश्य तथा नतिजाहरु | सूचकहरु (०७२/०७३ सम्ममा) | पुष्ट्याइका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| ***उद्देश्य नं. १:* जैविक विविधताको पहिचान, संरक्षण र अभिलेख तयार गर्ने ।** | • विद्यमान जैविक विविधताको संरक्षण, अध्ययन, अभिलेख व्यवस्थापन तथा पर्यावरणीय सन्तुलन हुने । | • स्थलगत अवलोकन अध्ययन प्रतिवेदन<br>• गाविस र जिविसको प्रतिवेदन<br>• | • सरकारले सिमसार संरक्षण र ग्रामीण पर्यटनमा जोड दिएमा ।<br>• संरक्षण समिति तथा स्थानीय समुदाय क्रियाशिल भएमा । |
| ***नतिजा नं.१.१:*** सिमसार क्षेत्रमा उपलब्ध जैविक सम्पदा र स्थानीय कला संस्कृतिको संम्बर्द्धन भएको हुनेछ । | • जैविक विविधता तथा कला संस्कृति संरक्षण गरी अभिलेख तयार हुने ।<br>• लोपन्मुख विभिन्न प्रजातीका सुनाखरी सरक्षण हुने । | • पत्रपत्रिका तथा अन्य संचार माध्यम | • सार्वजानिक निजी साझेदारी लगानीको वातावरण तयार भएमा (सबै नतिजाहरुमा) ।<br>• |
| ***नतिजा नं १.२:*** सार्वजानिक निजी साझेदारी मार्फत सरंक्षित सिमसार क्षेत्रको व्यवस्थापन तथा प्रबर्द्धन हुनेछ । | • सार्वजानिक निजी साझेदारीको लागि ग्रामीण पर्यटन प्रबर्द्धन कोष खडा गरी लगानीको आधार तयार हुने ।<br>• लागत लाभको हिस्सेदारी वाडफांडको निर्देशिका तयार गरी कार्यान्वयन हुने । | " | • संरक्षण समिति तथा स्थानीय समुदाय क्रियाशिल भएमा ।<br>o आवश्यक स्रोत जुटाउन सकेमा । |
| ***उद्देश्य नं. २:* सरोकारवालाहरुको क्षमता अभिबृद्धि, समन्वय तथा श्रोत खोजी र परिचालन गर्ने ।** | • सरोकारवाला निकाय, संस्था, समुह तथा समुदायसंग समन्वय विस्तार तथा क्षमता अभिबृद्धि हुने ।<br>• स्थानीय साधन स्रोतको अधिकतम परिचालन गर्दै बाह्य स्रोत जुटाउने । | " | • संरक्षण समिति तथा स्थानीय समुदाय क्रियाशिल भएमा । |
| ***नतिजा नं.२.१:*** स्थानीय सरोकारवालाहरुको ग्रामीण पर्यटन व्यवस्थापन क्षमता अभिबृद्ध हुनेछ । | • गाविसका कम्तिमा १०० जना अगुवा राजनैतिक दल, , होटल व्यवसायी, नागरिक समाज लगायत समितिका पदाधिकारीलाई सचेतना गराउने ।<br>• संरक्षण समिति, गाविसका अगुवाहरुको लागी कम्तिमा | " | • संरक्षण समिति तथा स्थानीय समुदाय क्रियाशिल भएमा । |

| | | | |
|---|---|---|---|
| | २ पटक ग्रामीण पर्यटकीय क्षेत्रको अध्ययन अवलोकन गराउने ।<br>• पर्यटन व्यवसाय, होमस्टे, जैविक विविधता, वातावरण व्यवस्थापन अर्न्तक्रिया एक/एक पटक गराउने ।<br>• स्थानीय जातीको कला संस्कृतिको जर्गेना गर्दै व्यवसायिक सिप बढाउने । | | |
| *नतिजा नं.२.२:* सूचना व्यवस्थापन लगायत प्रचार प्रसार विस्तार हुनेछ । | • कार्यालय स्थापना र व्यवस्थपन, वेभसाईट निर्माण मार्फत सूचना व्यवस्थापन र प्रवाह हुने ।<br>• यस क्षेत्रको प्रचार प्रसारका लागि ब्रोसर, पर्चा, पम्प्लेट, होर्डिङ्ग वोर्ड आवश्यक मात्रमा र पत्रपत्रिका, एफएम, टेलीभिजनबाट पनि प्रचार प्रसार हुने । | " | • संरक्षण समिति तथा स्थानीय समुदाय क्रियाशिल भएमा । |
| ***उद्देश्य नं.३:* आवश्यक संरचना र पूर्वाधार तयार गरी ग्रामिण पर्यटन अभिबृद्धि गर्ने ।** | • ग्रामीण पर्यटन प्रबर्द्धनको लागि आधारभूत संरचनाहरुको व्यवस्थापन, सृजना, सुधार एवं परिचालन भएको हुने । | " | • संरक्षण समिति तथा स्थानीय समुदाय क्रियाशिल भएमा । |
| *नतिजा नं.३.१* ग्रामिण पर्यटनका आधारभूत पूर्वाधार सेवा तथा सुविधाहरुको विकास हुनेछ । | • वनस्पति गेट १, धिमाल संग्राहलय१, जैविक विविधता संग्राहलय १, जिवाकृति डाइनोसर आदी, सुनाखरी क्षेत्र घुम्ने काठको बाटो, सौचालय १, पानीटंकी १, मंदिर पुर्ननिर्माण, बांध निर्माण १, दुइपोखरी जोड्ने बांध खोल्ने १, वरीपरी गोरेटो निर्माण, काठको नौका ३, गोरेटो वरीपरि जिवाकृतिहरु निर्माण, पुलेसाहरु ५, फोहोरा र ढंगेधारा, पौडीपोखरी निर्माण, होमस्टे, सांस्कृतिक केन्द्र निर्माण, गहना रुखहरु रोपिएको हुने । | " | • निजी क्षेत्रको सहकार्य बढेमा<br>• स्थानीय तथा बाह्य स्रोतको जुटाउन सकेमा<br>• सरकारको प्राथमिकता रहेमा |
| *नतिजा नं.३.२:* सिमसार अवलोकन भ्रमण गर्ने आगन्तुक संख्यामा बृद्धिका साथै रोजगारीको अवसर बढ्ने छ । | • पूर्वाञ्चलको एकीकृत पर्यटकीय सेवा शुरु हुने ।<br>• स्थानीय चाडपर्व, उत्सव, सिमसार तथा पयर्टन दिवसहरु वर्षमा एक पटक हुने ।<br>• आवश्यक पूर्वाधारको तयारी पछि सिमसार प्रवेश, नौका विहार, पौडी, पिकनिक, मनोरञ्जन, अध्ययन अवलोकन, मुहान स्रोत उपयोग आदीमा शुल्क लागु हुने ।<br>• स्थानीय हस्तकला र घरेलु उद्योग व्यवसाय प्रबर्द्धनका ५ वटा सिप विकासका मार्फत १२५ जना व्यवसायिक हुने ।<br>• आन्तरिक तथा बाह्य स्रोतको खोजी गरी उपयोग हुने । | " | • संरक्षण समिति तथा स्थानीय समुदाय क्रियाशिल भएमा । |

## १३.१ नतिजागत क्रियाकलाप र जिम्मेवारी

| नतिजा तथा क्रियाकलापहरु | जिम्मेवारी |
|---|---|
| ***नतिजा नं.१.१:*** सिमसार क्षेत्रमा उपलब्ध जैविक सम्पदा र स्थानीय कला संस्कृतिको संम्बर्द्धन भएको हुनेछ । | |
| • जैविक विविधता र स्थानीय कला संस्कृतिको अध्ययन, सूचिकृत गर्ने, लोपन्मुख सुनाखरी संरक्षण गर्ने । | संरक्षण समिति |
| ***नतिजा नं १.२:*** सार्वजानिक निजी साझेदारी मार्फत सरंक्षित सिमसार क्षेत्रको व्यवस्थापन तथा प्रबर्द्धन हुनेछ । | |
| • अफिस व्यवस्थापन, साझेदारीता अर्न्तक्रिया, सरोकारवालाहरुसंगको छलफल, साझेदारी लगानी निर्देशिका तयारी, एकिकृत पर्यटन प्रबर्द्धन कोष स्थापना, हेरालु व्यवस्थापन । | संरक्षण समिति |
| ***नतिजा नं.२.१:*** स्थानीय सरोकारवालाहरुको ग्रामीण पर्यटन व्यवस्थापन क्षमता अभिबृद्ध हुनेछ । | |
| • गाविसका कम्तिमा १०० जना अगुवा राजनैतिक दल, , होटल व्यवसायी, नागरिक समाज लगायत समितिका पदाधिकारीलाई सचेतना गर्ने ।<br>• संरक्षरण समिति, गाविसका अगुवाहरुको लागी कम्तिमा २ पटक ग्रामीण पर्यटकीय क्षेत्रको अध्ययन अवलोकन गर्ने ।<br>• ग्रामिण पर्यटन अवधारणा, पर्यटन व्यवसाय, होमस्टे, सिमसार संरक्षण आदी विषयमा क्षमता अभिबृद्धि र सचेतना सांस्कृतिक समुह, राजनैतिक दल, संरक्षण समिति, समुदायमा । | संरक्षण समिति |
| ***नतिजा नं.२.२:*** सूचना व्यवस्थापन लगायत प्रचार प्रसार विस्तार हुनेछ । | |
| • वेभासाइट निर्माण, आवश्यक नाका र क्षेत्रहरुमा पर्चा, पम्प्लेट, पोष्टर, संकेत वोर्ड राख्ने । | संरक्षण समिति |
| ***नतिजा नं.३.१*** ग्रामिण पर्यटनका आधारभूत पूर्वाधार सेवा तथा सुविधाहरुको विकास हुनेछ । | |
| • वनस्पति गेट १, धिमाल संग्राहलय१, जैविक विविधता संग्राहलय १, जिवाकृति डाइनोसर आदी, सुनाखरी क्षेत्र घुम्ने काठको वाटो, सौचालय १, पानीटंकी १, मंदिर पुर्ननिर्माण, बांध निर्माण १, दुइपोखरी जोड्ने बांध खोल्ने १, वरीपरी गोरेटो निर्माण, काठको नौका ३, गोरेटो वरीपरि जिवाकृतिहरु निर्माण, पुलेसाहरु ५, फोहोरा र ढंगेधारा, पौडीपोखरी निर्माण, होमस्टे, सांस्कृतिक केन्द्र निर्माण, गहना रुखहरु रोपिएको हुने । | संरक्षण समिति र गाविस |
| ***नतिजा नं.३.२:*** सिमसार अवलोकन भ्रमण गर्ने आगन्तुक संख्यामा बृद्धिका साथै रोजगारीको अवसर बढ्ने छ । | |
| • दिवस, उत्सव महोत्सव, होमस्टे संचालन, सामुदायिक तालीम केन्द्र संचालन, नौका विहार, माछापालन, हस्तकला र घरेलु उद्योग व्यवसायिक तालीम, घोडा सवारी गर्ने । | „ |

## सन्दर्भ सामाग्रिहरु

१. जिविस मोरंग; **जिल्ला पार्श्वचित्र अध्यावधिक २०६४,**
२. जिविस मोरंग; **ऐतिहासिक, पर्यटकीय स्थानहरुको संक्षिप्त चिनारी, २०६३**
३. जिविस मोरंग; **आवधिक जिल्ला विकास योजना (०५९/६०-०६३/६४)**
४. जिविस रसुवा; **सहभागितामुलक जिल्ला पर्यटन विकास तथा व्यवस्थापन योजना ( ०६०/६१-०६४/६५)**
५. जिविस ताप्लेजुङ्ग; **सहभागितामुलक जिल्ला पर्यटन विकास तथा व्यवस्थापन योजना ( ०६०/६१-०६४/६५)**
६. सुचना मंत्रालयः **मेची देखि महाकाली भाग १, २०३१**
७. जिविस मोरंग; **गरिबी नक्शाकंन तथा विकासका सूचकहरु,** २०६३
८. सं.प.तथा ना.उ. मंत्रालयः **दिगो पर्यटन गाउ कोषको विनियम**, २०६०
९. ने.प.बोर्डः **Tourism & Cultural Potential of Dhimal & Santhal (Satar) Communities of Morang & Jhapa Districts of Nepal 2008**
१०. डा.सोमप्रसाद खतिवडा, **मोरडको सांस्कृतिक पर्यटन, संभावना र चुनौतिहरु, विराटनगरः** अनुसन्धान विकास केन्द्र, २०६८ ।

# अनुसूचिहरु